म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ३० बुधबार १२ भदौ २०८१ ने. सं. ११४४ गुँलागा 28 August 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## चट्याङ लागेर लामा घाइते

हेटौंडा, ११ भदौ/मकवानपुरको मनहरी गाउँपालिका-६ प्रतापपुरमा सोमबार दिउँसो चट्याङ लागेर एकजना घाइते भएका छन् । आफनै बारीमा घाँस काटिरहेको अवस्थामा चट्याङ लागेर अन्दाजी ६० वर्षीया पदमाश्री लामा घाइते भएका हुन् । एक्कासी चट्याङ लागेर घाइते भइ उपचारका लागि मनहरी अस्पतालमा उपचार गरिएको थियो । उपचारपश्चात सोमबार साझ नै डिस्चार्ज भई घर गएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

यसैगरी मकवानपुरको मनहरी-८ सिमपानीमा सोमबार दिउँसो घरको छतबाट लडेर एकजना घाइते भएका छन् । स्थानीय ५२ वर्षीय हिमलाल स्याङ्तान आफ्नै घरको तीनतला माथि छत सफा गर्ने क्रममा चिप्लिएर भुँइमा पछारिएर घाइते भएका हुन् । प्रहरीका अनुसार घाइतेको शरीरको बिभिन्न भागमा भित्रिचोट लागेको छ । उनको उपचारको लागि मनहरी अस्पतालमा ल्याइएकोमा थप उपचारका लागि पुरानो मेडिकल कलेज भरतपुर चितवन रिफर गरिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

# हेटौंडामा दैनिक साँढे तीन करोड लिटर पानी वितरण

साझाकुरा संवाददाता

हेटौंडा, ११ भदौ/हेटौंडा खानेपानी व्यावस्थापन बोर्डअन्तर्गतका २८ हजार धारामार्फत दैनिक साँढे तीन करोड लिटर पानी वितरण भइरहेको बताइएको छ । बोर्डले आर्थिक वर्ष २०८०/८१ को प्रगति विवरण तथा आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम तथा बजेट सार्वजनिक गर्दै यसका विषयमा जानकारी दिएको हो ।

बिगतका दिनमा खानेपानी अभाव भएपनि अहिले पानीको अभाव भएको छैन । बोर्डले समवेल निर्माण गरी आवश्यक पानी उत्पादन गरिरहेको बोर्डका अध्यक्ष प्रताप विष्टले जानकारी दिए । बोर्डबाट मासिक एक करोड १६ लाख रुपैयाँको बिलिङ हुने गरेको अध्यक्ष बिष्टले बताए । उपमहानगरका खानेपानी उपभोक्ता समितिलाई पनि बोर्डमा ल्याउने र उनीहरुलाई पानी वितरणमा सहज बनाउँदै लगिएको छ ।

बोर्डले एक वर्षभित्र एक करोड लिटरभन्दा बढी पानी उत्पादन गरेको छ । समबेल, डिपबोरिङ र गाभिएका उपभोक्ता समितिबाट १ करोड लिटर खानेपानी थप भएको बोर्डले जानकारी दिएको छ । सामरी समबेलबाट ६० लाख लिटर, मैदाटोलको समबेलबाट १५ लाख लिटर, लामसुरे डिपबोरिङबाट १२ लाख लिटर र उपभोक्ता समिति हस्तान्तरण भई थपिएको खानेपानी १४ लाख १७ हजार लिटर गरी




एक करोड १ लाख १७ हजार लिटर खानेपानी एकवर्षमा थपिएको अध्यक्ष विष्टले जानकारी दिए ।

बोर्डले प्रतिदिन ३ करोड ५७ लाख लिटर पानी उत्पादन गरी दैनिक सरदर ७ देखि ८ घण्टा २७ हजार ७ सय २१ धारामार्फत वितरण गर्दै आइरहेको छ । हेटौंडामा दैनिक ३ करोड ४० लाख लिटर पानीको माग छ । हेटौंडाको मुख्य नगरक्षेत्रभित्र २४ सै घण्टा पानी वितरण गर्न बोर्ड सफल भएको अध्यक्ष विष्ट बताउँछन् । हेटौंडा उपमहानगरको ७० प्रतिशत भूभागमा बसोबास गर्ने १ लाख ६० हजार नगरबासीलाई ३ करोड ५७ लाख लिटर खानेपानी वितरण गरिरहेको हो ।

खानेपानी संस्थान हुँदा दैनिक ५० देखि ६० लाख लिटर सम्म आपूर्ति हुन्थ्यो । खानेपानीको माग भने दैनिक १ करोड लिटर भन्दा बढी थियो । सुख्खा समयमा पानीको ठूलो हाहाकार हुन्थ्यो । संस्थान हस्तान्तरण भएर बोर्ड बनेपछि २०७० यताका १० वर्षमा खानेपानी आपूर्तिमा निकै सुधार भएको छ । नगरमा बसोबास गर्ने नगरवासीलाई स्वच्छ र सर्वसुलभ किसिमबाट गुणस्तरीय रुपमा एउटै शुल्कमा खानेपानी उपलब्ध गराउनु बोर्डको उद्देश्य रहेको अध्यक्ष विष्टले बताए ।

बोर्डमा हालसम्म १६ वटा उपभोक्ता समिति हस्तान्तरण तथा सेवाक्षेत्र विस्तार गर्दा ११ हजार धारा संख्या थपिएको छ । हेटौंडा उपमहानगरले नगरबासीलाई राहत दिने उद्देश्यले न्यूनतम खानेपानी महशुलमा १० हजार लिटसम्म खपतमा छुटको व्यवस्था गरेसँगै खानेपानी बोर्डमा उपभोक्ता समिति हस्तान्तरण हुने क्रम बढेको छ । बोर्डले हेटौंडा उपमहानगरपालिका, बागमती प्रदेश सरकार र संघीय सरकारसँग सहकार्य गरी सेवाक्षेत्रमा सुधार गर्दै नयाँ क्षेत्रमा नयाँ आयोजनाको थालनी गरिरहेको बोर्डका आर्थिक प्रशासन प्रमुखसमेत रहेका सूचना अधिकारी सञ्जय न्यौपानेले जानकारी दिए ।

गत आर्थिक वर्षमा हेटौंडा-८ मैदाटोलमा सशस्त्र प्रहरी बलको कम्पाउण्डभित्र समबेल, मकवानपुरगढी गाउपालिका-४ स्थित सामरीपुल नजिकै प्रतिदिन ६० लाख लिटर पानी उत्पादन क्षमताको समवेल संचालनमा आएपछि सहज भएको हो । शक्तिखोलामा पानीको स्रोत पर्याप्त भएकाले हेटौंडा-१५, १६, १७ र १८ मा वितरण गर्न सकिने सम्भावना देखिएको बोर्डका अध्यक्ष विष्ट बताउँछन् ।

बोर्डले गत आर्थिक वर्षमा १९ करोड १६ लाख रुपैयाँ आम्दानी गरेको छ । बोर्डले ग्राहकबाट पानी महसुल संकलनलगायत समग्र आन्तरिक आम्दानी लक्ष्यअनुसार संकलन गर्न सफल भएको छ । २०८१ असार मसान्तसम्म पानी महसुल, जरिवाना, नयाँ धारा जडान, थप पाइप तथा फिटिङ, मिटर जडान, मर्मत, नामसारी, निवेदन तथा अन्य दस्तुर र बैंक व्याज गरी वार्षिक कुल लक्ष्यको तुलनामा आन्तरिक आयतर्फ १०२.७५ प्रतिशत अर्थात १५ करोड ४ लाख ३६ हजार रुपैयाँ संकलन गरेको छ ।

बोर्डले बाह्य आम्दानी तर्फ हेटौंडा उपमहानगर र मकवानपुरगढी गाउँपालिकासँगको सहकार्यअन्तर्गत १ करोड ७९ लाख ९४ हजार रुपैयाँ प्राप्त गरेको अध्यक्ष विष्टले बताएका छन् । बोर्डको बैंक २ करोड ३२ लाख रुपैयाँ मौज्दात छ । गत आर्थिक वर्ष ०८०/८१ को असार मसान्तसम्मको बिलिङ रकम १३ करोड ९७ लाख रुपैयाँमध्ये १३ करोड ५८ लाख २५ हजार अर्थात ९७.२२५ महशुल उठाउन बोर्ड सफल भएको सूचना अधिकारी न्यौपानेले बताए ।

# भीमफेदीकी शान्तिमाया मानव तस्करीको आरोपमा पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ११ भदौ/भारत पुऱ्याएर मृगौला तस्करी गरेको आरोपमा प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्यूरोको टोलीले मकवानपुरको भीमफेदी गाउँपालिका-२ की ४२ वर्षीया शान्तिमाया घलान सहित दुई जनालाई पक्राउ गरेको छ ।

ललितपुरको महालक्ष्मी नगरपालिका-८ की ३७ वर्षीय शंकर खत्री र भीमफेदी-२ की ४२ वर्षीया घलानलाई प्रहरीले पक्राउ गरेको हो । खत्रीलाई ९ गते र घलानलाई ११ गते पक्राउ गरिएको प्रहरीले जनाएको छ । उनीहरुविरुद्ध मानव बेचबिखन तथा ओसार पसारको कसुरमा काठमाडौं जिल्ला अदालतबाट ९ दिनको म्याद लिएर अनुसन्धान अघि बढाइएको छ । गत माघको अन्तिममा उनीहरुले एक व्यक्तिलाई कोलकत्ता पुऱ्याएर मृगौला झिकेको आरोप छ ।

उनीहरुले आर्थिक अवस्था कमजोर भएका २८ वर्षीय एक पुरुषलाई १० लाख रुपैयाँको प्रलोभन देखाएर भारत पुऱ्याई मृगौला झिकेको पाइएको ब्यूरोका एसपी तथा प्रवक्ता गौतम मिश्रले बताएका छन् । 'मान्छेका दुईवटा मृगौला हुन्छन् । एउटा झिके अर्कोले काम गर्छ । केही समस्या हुँदैन र मृगौला दिएमा धर्म हुन्छ भन्दै फकाएको देखिन्छ' एसपी मिश्रले भने ।

बाँकी पृष्ठ-४....

CLASSIC TECH
आफ्नो घर, आफ्नै नेट
SCAN TO UNZIP THE OFFER
SCAN ME
125Mbps रू ३०३/- प्रति महिना
INCLUDING 5G Wi-Fi 6 Router Smart STB
IPTV +200 HD Premium Channels रू ४५०/- रू २५०/- प्रति महिना
जडान खर्च रू ३/- मात्र ।
9801004477 / 9802922304 www.classic.com.np

# स्काउट पेट्रोल लिडर तालिम सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, ११ भदौ/नेपाल स्काउट स्थानीय पालिका समिति हेटौंडा उपमहानगरको आयोजनामा ३ दिने प्रथम हेटौंडा उपमहानगर स्तरीय स्काउट पेट्रोल लिडर तालिम सम्पन्न भएको छ ।

हेटौंडा भित्र स्काउट संचालन भएको १७ वटा ट्रुपबाट छात्रछात्रा गरी १२० जना सिनियर स्काउटलाई यही भदौ ८ देखि १० गतेसम्म तालिम प्रदान गरिएको हो । नेपाल स्काउटको युवा कार्यक्रम अर्न्तगत विद्यालय तहमा स्काउट इकाइ गठन भएको स्काउट ट्रुपका दलनायक तथा टोलीनायक तालिममा सहभागी भएका थिए । स्काउट संचालन भएका विद्यालयमा एकरुपता साथ स्काउट कार्यक्रम संचालन गर्न र नेपाल स्काउटको परिमार्जीत विभिन्न विषयमा जानकारी गराई नेतृत्व विकास गर्नको लागि तालिम संचालन भएको थियो ।

३ दिनसम्म संचालन भएको पेट्रोल लिडर तालिममा नेतृत्व विकास, दल तथा टोलीनायक परिषद् प्रणाली, विपतमा डोरीको प्रयोग र अभ्यास, बालअधिकार, समूह परिचालन र कार्यक्रम निर्माण, प्राथमिक उपचार, स्काउटका विभिन्न झण्डाको प्रकार र यसको प्रयोग, ब्याज तथा विभिन्न जीवनउपयोगी सीप सिकाएको थियो । प्रतियोगात्मक रुपमा विपतको समयमा बिना भाँडो खाना बनाउने, जंगल पदयात्रा तथा सर्वधर्मसभा कार्यक्रम समेत आयोजना गरेको थिए ।

भदौ ८ गते औपचारिक उद्घाटन भएको कार्यक्रम नेपाल स्काउट स्थानीय पालिका समितिका प्रमुख आयुक्त अनिल आचार्यको सभाध्यक्षतामा र हेटौंडा उपमहानगर पालिका-१५ का अध्यक्ष सुनिल मोक्तानको प्रमुख आतिथ्यतामा समापन भएको हो ।

समापन कार्यक्रममा प्रथम पेट्रोल लिडर तालिमको कोर्ष लिडर अशोक सारुमगर र लक्ष्मी थापा, स्काउट स्थानीय पालिका थाहा नगरपालिका प्रमुखआयुक्त गणेशमान श्रेष्ठ, बागमती स्काउट स्थानीय पालिका प्रमुखआयुक्त राजकुमार राई, राष्ट्रिय परिषद्का सदस्य सुरेन्द्र कारन्जित लगायत अतिथि रहेका थिए । तालिममा शिवकुमार त्वयना, अशोक सारुमगर, लक्ष्मी थापा, सुशीलराज गिरी, सौजन डिसी, अनिल आचार्य, इन्द्रमणि दाहाल, दीक्षा दाहाल लगायतले प्रशिक्षण दिएका थिए ।

# यातायात व्यवसायीका बरिष्ठ नेता श्रेष्ठको आँखाको शल्यक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, ११ भदौ/नेपाल ट्रक यातायाता व्यवसायी महासंघका राष्ट्रिय अध्यक्ष एवम् नारायणी यातायात व्यवसायी संघका अध्यक्ष हीरालाल श्रेष्ठको मोतिविन्दुको शल्यक्रिया हेटौडा सामुदायिक आँखा अस्पतालमा गरिएको छ ।

मकवनपुर जिल्लाका विभिन्न सामाजिक क्षेत्रमा क्रियाशील श्रेष्ठ सिद्धार्थ माध्यमिक विद्यालय, मकवानपुर बहुमुखी क्याम्पस लगायतमा संचालक समितिमा रहेर कार्य गरेका थिए । यातायात ब्यवसायी श्रेष्ठको देब्रे आँखाको शल्यक्रिया भएको संघका महासचिव सरोज खनालले बताएका छन् ।

हेटौंडामा नै यस्तो सुविधा सम्पन्न आँखा सेवा पाउँदा आफू धेरै प्रभावित भएको श्रेष्ठले बताएका छन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
कार वास भित्र/बाहिर
वायरिङ मर्मत
मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

OPENING SOON
ERKE
Erke brand authorized showroom
D next dress up
हेटौंडा-१०, राप्तीरोड
राजक शाही
मोबाइल नम्बर ९८५५०७०१५६

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरू:
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।
प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# मेघा विद्यालयको राम्रो अवधारणा

हेटौंडा उपमहानगरपालिका-४ का कम्तिमा दुई ठूला विद्यालय एकीकृत गरी 'मेघा विद्यालय' बनाउने अवधारणा अगाडि बढेको छ । शिक्षा मन्त्रालयले 'बिग स्कूल' को अवधारणामा छलफल चलाउन थालेपछि हेटौंडाका दुई ठूला विद्यालय एकीकृत गर्ने विषयमा छलफल सुरु भएको हो । हेटौंडा-४ मा रहेको आधुनिक राष्ट्रिय मावि र भुटनदेवी मावि एकीकृत गरी 'मेघा विद्यालय' को अवधारणामा संचालन गर्ने विषयमा छलफल अगाडि बढाइएको हो । आरामाविमा करिब २८ सय बालबालिका र भुटनदेवी माविमा २२ सय बालबालिका अध्ययनरत छन् । भुटनदेवीमा प्राविधिकधारका विषयमा पनि अध्यापन गराइन्छ । दुबै विद्यालय एकीकृत गर्दा अहिले नै ५ हजार विद्यार्थी हुनेछन् । नेपालको सबैभन्दा ठूलो मानिएको बुटवलको कालिका माविमा करिब ८ हजार विद्यार्थी रहेका छन् । हेटौंडा-४ कै श्रमिक मावि र हेटौंडा-१० को ज्ञानदा मावि पनि एकीकृत गर्ने हो भने १० हजार विद्यार्थी एकै विद्यालयमा हुनेछन् र यो नै नेपालको सबैभन्दा ठूलो विद्यालय बन्नेछ । सिद्धार्थ मावि र बालज्योति माविलाई पनि एकीकृत गर्न सकिन्छ । तर, यसका लागि ठूलै गृहकार्य चाहिन्छ । भारतीय मुलुकमा ५० हजार भन्दा बढी बालबालिका अध्ययन गर्ने दर्जन विद्यालय छन् तर, हाम्रो मुलुकमा ८ हजार विद्यार्थी भएको विद्यालयलाई नेपालकै ठूलो विद्यालय भन्ने गरिन्छ ।

आरामाविले हरेक वर्ष प्रबेश परीक्षा दिएका एक हजार पाँचसय विद्यार्थीलाई भर्ना लिन नसकेर फर्काउने गरेको छ । पर्याप्त कक्षाकोठा र जनशक्ति भएको अवस्थामा चार हजारदेखि ५ हजार विद्यार्थी यही विद्यालयमा हुने थिए । भुटनदेवी मावि र आरामावि एकीकृत गरी मेघा विद्यालय संचालन गर्ने विषयमा बहस अगाडि बढाइएको र दुबै विद्यालय एकीकृत गरी राम्रोसँग ब्यवस्थापन गर्ने हो भने बुटवलको कालिका माविमा भन्दा धेरै विद्यार्थी हुने बताइएको छ । केही दिनभित्रै दुबै विद्यालय ब्यवस्थापन समितिको निर्णय गर्ने र तत्कालै दुबै विद्यालय ब्यवस्थापन समितिका पदाधिकारीको संयुक्त बैठक बस्ने तयारी भएको हेटौंडा-४ का वडाअध्यक्ष नवीन सिग्देलले जानकारी दिएका छन् । बहसको विषय बनाउनेभन्दा पनि हेटौंडा प्रदेशको राजधानी पनि भएका कारण मेघा विद्यालय संचालन गरी हेटौंडालाई शैक्षिक हव बनाउने गरी अगाडि बढ्न खोजेको सिग्देल बताउँछन् । चित्लाङमा संचालनमा आएको मदन भण्डारी प्राबिधिक विश्वविद्यालय, प्रदेश सरकारले मकवानपुर बहुमुखी क्याम्पसलाई प्रादेशिक विश्वविद्यालय बनाउन गरिरहेको गृहकार्यलाई पनि मेघा विद्यालय संचालनले सहयोगी साबित हुनेछ । हेटौंडा स्कूल अफ म्यानेजमेन्ट, हेटौंडा क्याम्पस, मकवानपुर बहुमुखी क्याम्पस, त्रिविअन्तर्गतको वनविज्ञान अध्ययन संस्थान, नारायणी कलेज, सहीद आकाश मेमोरियल कलेज, एएफयू अन्तर्गतको कृषि तथा वनविज्ञान क्याम्पसले हेटौंडामा उच्चशिक्षा अध्यापन गराइरहेका छन् । जनप्रतिनिधि, आरामावि र भुटनदेवी मावि ब्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक अभिभावक संघका प्रतिनिधिलगायत टोली केही दिनभित्रै बुटवलको कालिका माविको अवलोकनमा जाने तयारी भएको छ ।

दुई वा दुई भन्दा बढी विद्यालय एकीकृत गरी मेघा विद्यालय संचालन गर्दा प्रशासनिक खर्च कम हुने, गुणस्तरीय शिक्षा दिन सकिने, सामुदायिक विद्यालयप्रतिको बिश्वसनीयता बृद्धि गर्न सकिने, हेटौंडालाई शैक्षिक हवको रुपमा विकास गर्न सकिने जस्ता धेरै उपलब्धी हुनेछन् । बागमती प्रदेश सरकारले प्रादेशिक विश्वविद्यालयको काम अगाडि बढाइरहेको अवस्थामा मेघा विद्यालय संचालन गर्न सकियो भने विश्वविद्यालयलाई पनि टेवा पुग्ने छ । स्थानीय सरकार, प्रदेश सरकार र संघीय सर कारसँग समन्वय गरेर मेघा विद्यालय संचालनका लागि अगाडि बढ्ने सिग्देल बताउँछन् । हरेक वर्षको प्राबिधिक धारसहितको प्रबेश परीक्षामा करिब एक हजार विद्यार्थीलाई भर्ना लिन नसकेको अवस्था रहेको भुटनदेवी मावि २०१६ सालमा स्थापना भएको हेटौंडा नगरकै पहिलो विद्यालय हो । बिगत १५ वर्षदेखि नेपालको उत्कृष्ठ विद्यालयमध्ये एक मानिने आरामाविसँग भौतिक पूर्वाधार भएको खण्डमा ५ हजार विद्यार्थी भर्ना लिन सकिने विद्यालयले जनाएको छ । मेघा विद्यालय संचालन गर्दा आउनसक्ने चुनौतीका बारेमा पनि अध्ययन गर्नुपर्ने बताइएको छ । नेपाल सरकारले दर्बन्दी मिलान गर्ने, विद्यालय मर्ज गर्ने, मेघा विद्यालयको सम्भाब्यतामा छलफल गर्ने काम स्थानीय तहलाई नै सुम्पेको अवस्था छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ भाद्र १३ गते बिहीबार २९ अगष्ट २०२४ । एकादशी, भाद्र कृष्णपक्ष । गुँलागा ११४४ ने.सं. । सूर्योदय ५:४२, सूर्यास्त ६:२६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : कार्यमा ढिलाइ | **तुला** | : आफन्तबाट सहयोग |
| **वृष** | : ऋण र शत्रु वृद्धि | **वृश्चिक** | : शत्रुबाट बाधा सृजना |
| **मिथुन** | : शैक्षिक कार्यमा सफलता | **धनु** | : सहयोगीहरूले राम्रो साथ दिनेछन् |
| **कर्कट** | : परिवारमा विवाद | **मकर** | : रोकिएका काम बन्नेछ |
| **सिंह** | : खिन्नता रहने | **कुम्भ** | : व्यापारमा विशेष फाइदा हुनेछ |
| **कन्या** | : शैक्षिक कार्यमा सफलता | **मीन** | : शत्रु सजिलै हराउन सकिनेछ |

# आर्थिक वृद्धिमा असफल प्रयास र अर्थतन्त्र सुधारको अपेक्षा



ऋषभ भट्टराई

निवर्तमान अर्थमन्त्री वर्षमान पुनले १५ जेठ २०८१ मा ल्याएको १८ खर्ब ६० अर्ब रुपैयाँको बजेट कार्यान्वयनमा गएको पनि करिब डेढ महिना भइसकेको छ । ३१ असारमा सर कार (प्रधानमन्त्री केपी शर्मा ओली) बनेसँगै चालु बजेट संशोधन गरिने हो कि भन्ने आशंका पनि पाइन्छ । तत्कालीन अर्थमन्त्री पुनले यथार्थपरक र उपयुक्त आकारको दाबी गरिरहेको र नेकपा एमाले समेतले पारित गरेको बजेट एमालेकै नेतृत्वमा प्रधानमन्त्री र अर्थमन्त्री बनिरहँदा फेरि संशोधनको आवाज मुखरित हुनुले विभिन्न किसिमका संशय पैदा भएको छ । अझ सत्तारुढ दलहरूले न्यूनतम साझा कार्यक्रम ल्याउने/ नल्याउने अन्योलले आगामी बजेट कार्यान्वयनको बाटो पनि अलमल्याइरहेको छ ।

अर्थतन्त्रको वाह्य क्षेत्र खासगरी विदेशी मुद्रा सञ्चितिमा निरन्तर सकारात्मक रेकर्ड बनाइरहेको छ । अर्कातिर, आर्थिक संकुचन, शिथिलता र विश्वास अभाव झेलिरहेको आन्तरिक अर्थतन्त्रको विद्यमान परिवेशमा देखिएको राजस्व (स्रोत) सीमितता तथा प्रतिकूल अन्तर्राष्ट्रिय आर्थिक परिवेशमा बजेट कार्यान्वयनका आधार कसरी तयार हुन्छन् भन्ने विषयले चालु वर्षको आर्थिक विस्तार निर्क्योल गर्ने छ । त्यसो त विगतदेखि वजेटको लक्ष्य र यथार्थबीच ठूलै 'भ्वाङ' परेको विभिन्न प्राप्त तथ्य-तथ्यांकले पुष्टि गरिसकेको छ ।

बजेट कार्यान्वयनको मुख्य पक्ष खर्च गर्ने क्षमता सुधारमा नीतिगत पहल भएको देखिँदैन । यद्यपि, प्रधानमन्त्री ओलीले ६ भदौमा प्रतिनिधिसभा मार्फत नयाँ सरकार बन्ने बित्तिकै निजी क्षेत्रको मनोबल बढेको र त्यसको असर घरजग्गा कारोबार, सेयर कारोबार, साउन महिनाको राजस्व असुली र पूँजीगत खर्चमा परेको बताउनु भएको थियो । बजेट अर्थ राजनैतिक दस्तावेज हो । असीमित आवश्यकता र सीमित स्रोतबीच सन्तुलनकारी बजेटले आम सरोकारवालामा विश्वास आर्जन गरी आर्थिक गतिविधि चलायमान बनाइ रोजगारी सिर्जना गर्दै उत्पादन वृद्धिको अपेक्षा राखेको हुन्छ । बजेटको आकार निर्धारण सरकारको राजस्वको सम्भावना, वैदेशिक सहायता परिचालन र खर्च गर्ने क्षमताले प्रभाव पार्दछ । छिटो-छिटो सरकार परिवर्तन र परिवर्तनको एउटा महत्त्वपूर्ण कारक अर्थ मन्त्रालय सञ्चालनको शैलीमा सत्तारुढ गठबन्धनमा देखिइरहने चरम अविश्वास र सत्ताको 'उथलपुथल' ले बजेट कार्यान्वयनलाई निश्चय नै प्रभावित बनाउने छ ।

चालु र वित्तीय व्यवस्थामा बढ्दै गरेको खर्चको चाप पूँजीगत खर्चमा देखिँदैछ । त्यसैको परिणाम चालु वर्षको बजेटमा वित्तीय व्यवस्था खर्च गत वर्ष जस्तै पूँजीगत खर्चभन्दा बढी छ । सानो आकारको अर्थतन्त्र र उत्पादनमूलक क्षेत्रमा न्यून लगानी रहेको नेपाल जस्तो मुलुकमा आन्तरिक ऋणको चापमा पर्दा आर्थिक गतिविधिमै नकारात्मक असर देखिन सक्छन् । अधिक आन्तरिक ऋण उठाउँदा निजी क्षेत्रमा प्रवाह हुने कर्जामा कमी आउँछ अर्थात् अर्थशास्त्रीय भाषाभन्दा 'क्राउड इफेक्ट' पर्छ । माग र आपूर्तिको अर्थशास्त्रीय सिद्धान्तले समेत आपूर्तिमा कमी हुँदा ब्याज (लागत) बढ्छ । बढ्दो ब्याजले लगानीकर्तालाई आकर्षित गर्दैन ।

अर्कातिर, मुद्रास्फीति बढाँउछ । हुन त सरकारी तथा निजी दुवै क्षेत्र आर्थिक वृद्धिका इन्जिन हुन् । पूर्वाधार क्षेत्रमा लगानी सुनिश्चित गर्न र सन्तुलित विकास अघि बढाउन सार्वजनिक क्षेत्रको योगदान महत्त्वपूर्ण हुन्छ । सामान्यतया सरकारभन्दा निजी क्षेत्रको उत्पादकत्व बढी प्रभावकारी हुन्छ । निजी क्षेत्रमा प्रवाह हुने कर्जाले रोजगारी सिर्जना, गरिबी न्यूनीकरण साथै आर्थिक गतिविधिमा व्यापकता ल्याउँछ । आर्थिक वृद्धिमा निजी क्षेत्रमा प्रवाह हुने कर्जाको असर सार्वजनिक लगानीभन्दा बढी प्रभावकारी देखिन्छ । यद्यपि, सरकारले आन्तरिक ऋण लिएर उत्पादनमूलक क्षेत्रमा पूँजीगत लगानी गर्दा आम्दानी र रोजगारीका आधार तयार हुन्छन् । तर, ऋण लिएर ऋण तिर्दा उत्पादन दिन सक्दैन । नेपालको अहिलेको मूल समस्या सार्वजनिक ऋणको उपयोगको प्रवृत्तिमा छ । सरकारको पूँजीगत खर्चमा केही गम्भीर प्रकृतिका चुनौती विद्यमान छन् । आयोजना छनोटबाटै सुरु हुने समस्या कार्यान्वयन भइसक्दासम्म कायमै रहने परिस्थिति छ ।

लागत र प्रतिफल अनिश्चित रहेका आयोजनामा बजेट विनियोजन गर्ने र विकासका आयोजनामा पर्याप्त बजेट विनियोजन नगर्ने दुवैथरी समस्या छ । आयोजना समयमा सम्पन्न नहुने अर्को समस्या छ । स्रोतको सीमितता र विकास आयोजनाको तीव्र मागका कारण लागतको प्रतिफल अनिश्चित जस्तै रहिरहने र दुर्लभ स्रोत खर्च भइरहने परिस्थिति बन्दै जाँदा पूँजीगत खर्चले आर्थिक वृद्धि र विकासमा अपेक्षित सहयोग नगरिरहेको अवस्था छ । यस्तो अवस्थामा बजेट बढी राजनैतिक दस्तावेजका रूपमा प्रयोग हुने र विकासका प्राविधिक पक्षमा कम चासो दिइने गरेका कारण समस्या बल्झिँदै गइरहेका छन् ।

सरकार स्रोत चापमा छ । राजस्वले चालु खर्च थेग्न धौधौ भइरहँदा बजेट घाटा उच्च दरमा बढ्न थालेको छ । घाटा बजेट पूर्तिको विकल्प आन्तरिक तथा वाह्य ऋण हुन् । वैदेशिक ऋणको विगत आशाप्रद देखिँदैन अर्थात् लक्ष्यको आधाआधी मात्रै प्राप्त भइरहेको छ । गत वर्ष लक्ष्य २ खर्ब १२ अर्ब ७५ करोड रुपैयाँको एक चौथाइभन्दा कम ४९ अर्ब २० करोड ८९ लाख (सार्वजनिक ऋण व्यवस्थापन कार्यालय) मात्र प्राप्त भएको छ । चालु वर्ष पनि २ खर्ब १७ अर्ब ६७ करोड वाह्य ऋण लक्ष्य छ । तर, अन्तर्राष्ट्रिय आर्थिक परिदृष्य समेत वाह्य ऋणका लागि अनुकूल छैन ।

मुलुकको आर्थिक कूटनीतिक क्षमता, भौगोलिक अवस्थिति, राजनीतिक अस्थिरता र वाह्य शक्ति सन्तुलनमा देखिने फेरबदलले वाह्य ऋण अपेक्षित लिन सकिएको छैन । वाह्य ऋण लक्ष्य अनुरूप नहुँदा आन्तरिक ऋणको चाप बढ्दै गएको छ । चालु वर्ष आन्तरिक ऋण सीमा कुल गार्हस्थ उत्पादन (जीडीपी) को ५ प्रतिशतबाट बढाएर ५.५ प्रतिशत पुऱ्याइएको छ । तर, सरकारले आन्तरिक ऋण लिएर उत्पादनमूलक क्षेत्रमा पूँजीगत लगानी गर्नुको सट्टा ऋण तिर्न प्रयोग गरेका कारण उत्पादनमा सहयोग मिलेको छैन । राज्यले उठाएको आन्तरिक ऋण वित्तीय व्यवस्था र पूँजीगत खर्चका लागि उपयोग हुने गरेको छ । वित्तीय व्यवस्थाको खर्चले ऋणको साँवा-ब्याज भुक्तानीमात्र हुने हो । पूँजीगत खर्चले उत्पादनमा प्रत्यक्ष सहयोग गर्दछ । लाभ र लागत हिसाब र प्रतिफल सुनिश्चितता नभएका ठाँउमा हुने पूँजीगत खर्चले पार्ने प्रभाव भनेको थप ऋणको आकार बढाउने मात्र हो । सानो अर्थतन्त्र र उत्पादनमूलक क्षेत्रमा न्यून लगानी भएको मुलुक आन्तरिक ऋणको चापमा पर्दा आर्थिक गतिविधिमा नकारात्मक प्रभाव पर्न सक्छ ।

प्राथमिकीकरण अभावले आयोजना छनोटमा हचुवा प्रवृत्ति, पर्याप्त तयारीविना बजेट विनियोजन साथै कार्यान्वयन, अन्तर निकायबीच कमजोर समन्वय सदाबहार समस्याका रूपमा छन् । यस्ता समस्या समाधान गर्न सरकारले कुनै ठोस पहल लिएको परिणाममा पाइँदैन । सरकारले २०७८ सालमै आर्थिक वर्ष सकिँदा पूँजीगत खर्च शतप्रतिशत गर्ने गरी 'सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८' कार्यान्वयनमा ल्याएको भए पनि कार्यरूपमा अहिलेसम्म प्रभावी देखिन सकेको छैन ।

सरकारले राष्ट्रिय गौरव र उच्च प्राथमिकता (पी १) आयोजनामा समेत पर्याप्त बजेट विनियोजन गर्न सकेको देखिँदैन । यसले सबैजसो आयोजनाको प्रगति कछुवा गतिमा छन् । स-साना आयोजनामा समेत बजेट विनियोजन हेर्दा वितरणमुखी प्रवृत्तिले निरन्तरता पाइरहेको देखिएको छ । संघीय सरकारले स-साना आयोजनालाई बजेटमा समावेश नगरी ३ करोड माथिका आयोजना मात्र समावेश गर्ने नीति लिए पनि कार्यरूपमा त्यस्तो देखिएन ।

'आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८०' मा गरिएको व्यवस्थाको प्रतिकूल हुने गरी १ लाख रुपैयाँका आयोजना पनि संघीय बजेटमा समेटिए । त्यसबाट जनशक्तिको सही उपयोग, साधारण खर्च वृद्धिको चापसँगै स्रोतको प्रभावकारी उपयोग गर्ने प्रयत्नमा धक्का लाग्यो । यसलाई सांसदहरूले संसदमा उठाए पनि समाधान भने निस्किएन । उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले ११ हजार बढी आयोजना विनाअध्ययन चालु बजेटमा समावेश गर्दा समस्या भएको औंल्याइसकेका छन् । यसरी प्रतिफलमा सुनिश्चित नभएका आयोजनाका कारण बढ्ने आन्तरिक ऋणले माग र आपूर्ति सन्तुलन खल्बल्याइ निजी क्षेत्रमा जाने कर्जाको लागत अर्थात् ब्याजदर बढाइ लगानीको वातावरण बिगार्न मद्दत गर्दछ ।

नेपाल तीन दशकदेखि आर्थिक उदारीकरणको बाटो हिँडिरहेको छ । सरकारले नियामकीय भूमिका निर्वाह गर्दै र सहजीकरणको क्षमता बढाइ प्रतिष्पर्धामा श्रेष्ठता हासिल गर्नु सरकारको सफलतासँगजोडिने विषय हो । आवश्यकता परे अझै केही सार्वजनिक संस्थानहरूको निजीकरण गरी सरकारको 'ट्रेजरी' मा आउने रकमलाई उच्च प्रतिफलयुक्त आयोजनामा खर्च गरी आन्तरिक अर्थतन्त्रलाई मजबुत बनाउन पछि पर्नु हुँदैन । खासगरी कोरोनाकालपछि वित्त नीतिमा स्पेस नभएको भन्दै मौद्रिक नीतिबाट समस्या समाधान गर्ने परिपाटीलाई अन्त्य गरी राजनीतिक दलहरूले प्रशासनिक संयन्त्र प्रभावकारी प्रयोग गर्नु आजको आवश्यकता हो ।

कर्मचारीतन्त्र र निजी क्षेत्रमा देखिएको अविश्वासको खाडल पुर्ने काम राजनीतिक दलहरूकै हो । राजनैतिक परिवर्तनसँगै प्रशासनिक पुनर्संरचना प्रभावकारी रूपमा नहुँदा सिर्जित संरचनागत दोहोरोपनले चालु खर्चमा थप चाप परिरहेको छ । बहुसंरचनामा रहेका कार्यालयहरूको अधिकार क्षेत्रका प्रश्नले काममा ढिलाइ भइरहेको छ । त्यतिमात्र होइन, नयाँ कार्यालय खोल्दा आर्थिक भारको उचित विश्लेषण नगरी राजनीतिक रूपमा बहकिँदा विनापरिणाम चालु खर्च बेलगाम बढाउने प्रवृत्तिले खर्चको उत्पादकत्वमा प्रश्न उब्जिरहेको छ । सस्तो लोकप्रियताका लागि वितरणमुखी कार्यक्रममा पुनरावलोकन गरी आवश्यकता र औचित्यतका आधारमा सामाजिक सुरक्षा कार्यक्रम लागु गरी अन्य विकल्प खोजी गर्न ढिला गर्नु हुँदैन । अर्थतन्त्र सुधारका लागि सबै पक्ष वित्तीय अनुशासन पालनामा कठोर बन्नुको विकल्प छैन ।

'सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०७५ प्रतिवेदन' कार्यान्वयनले ठूलो मात्रामा खर्च घटाउने अपेक्षा गर्न सकिन्छ, तर कार्यान्वयनमा दृढता आवश्यक छ । 'कर प्रणाली सुधार सम्बन्धी उच्चस्तरीय सुझाव समितिको प्रतिवेदन, २०८०' कार्यान्वयनमा सरकारी सक्रियताले राजस्व संकलनमा समेत उल्लेख्य सुधारको 'स्पेस' दिन्छ । तर, प्रतिवेदन कार्यान्वयनमा नगई दराजमा थन्किए सुधार सम्भव छैन । अर्थमन्त्री पौडेलले ३२ साउनमा सार्वजनिक गरेको पहिलो सय दिनको कार्ययोजनामा मुलुकको समग्र अर्थतन्त्र सुधारका लागि उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग गठन गर्ने उल्लेख गरेका छन् । त्यसो त सुझाव आयोग गठन गर्ने विषय बजेटमै समेटिएका थियो । आयोग बनाइरहने तर प्रतिवेदन कार्यान्वयनमा चासो नदिने प्रवृत्तिमा बारम्बार प्रश्न उठिरहेको छ ।

सार्वजनिक खर्चलाई परिणाममुखी बनाउन चुक्दै जाने, चालु खर्चमा पुनरावलोकन नगर्ने, विकास आयोजनाको प्राथमिकताका आधारमा तोकिएको समयमा सम्पन्न हुने गरी बजेट विनियोजन नगर्ने, लाभ र लागतलाई मुख्य आधार बनाएर खर्चको प्राथमिकीकरण नगर्ने परिपाटीलाई निरन्तरता दिँदा ऋणको साँवा र ब्याज तिर्ने चक्रबाट मुक्ति मिल्ने छैन ।

आन्तरिक ऋणको चापले रोजगारी सिर्जना, आर्थिक वृद्धि र मुद्रास्फीतिमा नकारात्मक असर गर्ने भएकाले अन्ततः 'ऋणको पासो' मा मुलुक पर्न सक्ने खतराबाट सबै सरोकारवाला समयमै सचेत बनी थप गम्भीर हुन अब ढिला गर्नु हुन्न । साथै, अर्थतन्त्र सुधारका लागि सबै पक्ष वित्तीय अनुशासन पालनामा कठोर बन्नुको विकल्प छैन ।

*(साभार: अनलाइनखबर)*

# अराजकताको क्रीडास्थल बन्यो जेठो विश्वविद्यालय

बद्री तिवारी

देशकै पहिलो र ठूलो विश्वविद्यालय- त्रिभुवन विश्वविद्यालय (त्रिवि)मा विभिन्न स्वार्थ समूहबीच द्वन्द्व चर्कँदै गएपछि पदाधिकारीहरु नै असुरक्षित बनेको घटना प्रकाशमा आएको छ । पदाधिकारीहरुलाई ज्यान लिनेसम्मको धम्की आएको घटना सार्वजनिक भएपछि त्रिवि परिसर असुरक्षित बन्न पुगेको हो । विश्वविद्यालयमा अराजकताले पराकाष्ठा नै नाघेपछि मन्त्रीबाटै सुरक्षाको माग गर्नुपर्ने अवस्था आउनु विडम्बना नै मान्नुपर्दछ । केही दिनअघि त्रिविको सहकुलपतिसमेत रहनुभएका शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले त्रिविका पदाधिकारी र प्राध्यापकहरुको सुरक्षा माग गर्नुभएको घटनाले व्यापकता त पायो नै, सुरक्षाको माग सामाजिक सञ्जालबाटै गर्नुभएपछि मन्त्री भट्टराई आलोचित पनि बन्न पुग्नुभयो । एउटै मन्त्रिपरिषद्का अर्का सदस्य एवम् गृहमन्त्री रमेश लेखकसँग पदाधिकारी र प्राध्यापकहरुको सुरक्षाको माग सामाजिक सञ्जालबाट गर्नुपर्नेसम्मको बाध्यताको विषयमा पनि बहस चल्यो ।

विवादको मूल जड भनेको समाजशास्त्र विभागमा प्रमुख नियुक्ति प्रकरण हो । समाजशास्त्र विभागका अघिल्ला प्रमुख युवराज लुइँटेलको कार्यकाल सकिएपछि रिक्त रहेको ठाउँमा मानविकी तथा सामाजिक संकायका डिन प्राडा कुसुम शाक्यले वरिष्ठता क्रम लत्याएर दोस्रो वरियताका टीकाराम गौतमलाई आफूखुशी विभागीय प्रमुखको जिम्मेवारी दिएपछि विवाद चर्किएको हो । सो कार्यलाई सत्ता साझेदार दल नेपाली कांग्रेस निकटका प्राध्यापक, नेविसंघलगायत केही समूहले समर्थन जनाएका छन् भने त्रिविका मुख्य पदाधिकारीहरु उपकुलपति प्राडा केशरजंग बराल, रेक्टर प्राडा खड्ग केसी र रजिस्ट्रार प्राडा केदारप्रसाद रिजाल वरिष्ठता क्रममा नियुक्ति दिनुपर्ने पक्षमा उभिएपछि उहाँहरुविरुद्ध धम्की आएको बताइन्छ । तीनैजना पदाधिकारीलाई स्वार्थ समूहले ज्यान मार्नेसम्मको धम्की फोनबाट दिन थालेपछि उहाँहरु बिदामा बस्नुभएको थियो ।

वरिष्ठताका आधारमा सो विभागका पासाङ शेर्पालाई विभागीय प्रमुखमा नियुक्त गर्नुपर्नेमा दोस्रो वरियताका व्यक्तिलाई नियुक्ति दिने काम नै समस्याको चुरो हो । पदाधिकारीहरूले नियमानुसार शेर्पालाई नियुक्ति दिन लागेको विरोधमा उत्रेका समूहले आक्रमणको धम्की दिएपछि त्रिविको सुरक्षा व्यवस्था खल्बलिनु स्वाभाविक नै हो । आफूलाई धम्की आएपछि काम गर्ने वातावरण नभएको तथा जतातत्तै सुरक्षाको अवस्था कमजोर भएको भन्दै तीनैजना पदाधिकारीले सहकुलपति/ शिक्षामन्त्री भट्टराईसँग आफ्ना कुरा राखेपछि शिक्षामन्त्रीले सार्वजनिक रुपमै गृहमन्त्रीसमक्ष सुरक्षाको माग गर्नुभएको प्रकाशमा आएको छ । उसै त गुणस्तर खस्कँदै गएको त्रिवि, त्यसमाथि आक्रमणको धम्की आउन थालेपछि थप बदनाम बन्दै गएको छ ।

त्यसो त यसअघि पनि विभिन्न मितिमा त्रिविमा आक्रमणका घटना हुँदै आएका थिए, जसले गर्दा नेपालमै उच्च शिक्षा हासिल गर्ने उद्देश्यका साथ भर्ना भएका विद्यार्थीहरुको भविष्य अँध्यारोतर्फ धकेलिँदै छ । यसअघि २०७७ साल असोज २० गते समाजशास्त्र विभागकै उप-प्राध्यापक प्रेमबहादुर चलाउनेमाथि त्रिवि हाताभित्रै सांघातिक हमला भएको थियो । त्रिविमा कुनै पनि पदाधिकारी योग्यता, वरिष्ठता र नियमसम्मत नियुक्ति हुनुपर्ने, तालाबन्दी गर्नु नहुनेजस्ता विषयमा अडान लिँदै आएपछि निजमाथि आक्रमण गरिएको थियो, सो घटनाबाट धेरै ठाउँमा चोट लागेका कारण चलाउने लामो समयसम्म थलिनुभएको थियो । उप-प्राध्यापक चलाउनेमाथि आक्रमण गरेको अभियोगमा नेपाल विद्यार्थी संघका हरिप्रसाद आचार्य, योगेन्द्र रावल, दीपकराज ओझा, रुपेश साह, रविन लामा, सयुज श्रेष्ठ र निरज रानामगरविरुद्ध ज्यान मार्ने उद्योगअन्तर्गत मुद्दा दायर भयो, नेपाली कांग्रेस र त्यसकै भ्रातृ संगठन नेविसंघको राजनीतिक आवरणमा सरकारले फैसलाको दुई दिनअघि मुद्दा फिर्ता लिने निर्णय गरेको थियो, तर सर्वोच्च अदालतले दोषीहरुलाई कानुनी कारबाही गर्नु भन्दै मुद्दा फिर्ता लिन नमिल्ने आदेश दियो । तैपनि दोषीहरु सबै छुटे । यसपटक पनि सोही समूहका व्यक्तिहरुबाट त्रिवि पदाधिकारी र प्राध्यापकहरुमाथि धम्की आएको समाचार प्रकाशमा आएको छ । यसरी धम्की आउँदा पदाधिकारीहरुमा आफूलाई पनि उप-प्राध्यापक चलाउनेलाई जस्तै आक्रमण गर्ने हुन् कि भन्ने डर स्वाभाविक रुपमा उत्पन्न हुने नै भयो । त्यसैले पदाधिकारीहरुले शिक्षामन्त्री विद्या भट्टराईसँग सुरक्षा माग गर्नुपरेको हो ।

त्यसपछि शिक्षामन्त्री भट्टराईले यही २०८० भदौ ५ गते बिहान ६:२६ बजे सामाजिक सञ्जाल फेसबुकमार्फत त्रिविमा सुरक्षा व्यवस्था मिलाइदिन गृहमन्त्रीलाई पोस्ट गर्नुभएको सन्देश यस्तो छ- 'त्रिभुवन विश्वविद्यालयमा केही दिनदेखि पदाधिकारीहरुमाथि हमला गर्न खोज्ने र प्राध्यापकहरुलाई फोन गर्दै धम्की दिने गरेको कारण सिङ्गो विश्वविद्यालय असुरक्षित बनेको छ । त्रिभुवन विश्वविद्यालयमा सुरक्षाका लागि व्यवस्थित प्रबन्ध गर्न म गृहमन्त्रीसँग जोडदार माग गर्दछु । गुण्डागर्दी गर्ने छुट कसैलाई छैन । यस्तो क्रियाकलापमा संलग्न व्यक्तिहरुलाई कानुनी दायरामा ल्याई कारबाही गर्नसमेत म गृह मन्त्रालयलाई गम्भीरताका साथ अनुरोध गर्दछु ।'

शिक्षामन्त्री भट्टराईको यो पोस्ट पढेपछि विभिन्न पक्षबाट सुझाव तथा टीकाटिप्पणी भए, त्यसको जवाफमा उहाँले आवेगमा आएर नभई सुरक्षाका सम्बन्धमा सार्वजनिक अपिल गर्नुपर्ने भएर नै गरेको तथा त्यसभन्दा अघि लगातार ५ दिनसम्म सम्पर्क र समन्वय गरेको जानकारी पनि फेसबुकमार्फत नै गराउनुभयो । शिक्षामन्त्री भट्टराईको अनुरोधपछि सरकारले अहिले प्रहरी निरीक्षकको कमान्डमा त्रिविमा सुरक्षा टोली खटाएको छ भने पदाधिकारीहरु पनि कार्यालयमा हाजिर भएका छन् । केहीले प्रहरीले सुरक्षित र हनु भनेपछि पदाधिकारी त्रिवि आउन छाडेको बताएका छन् भने प्रहरीले चाहिँ त्रिविमा कुनै असुरक्षा नभएको बताउँदै आएको भनी प्रहरीको सूचनाप्रति नै औंला ठड्याएका छन् ।

प्राज्ञिक थलोलाई यसरी विवादित, आतंकित र द्वन्द्वग्रस्त बनाएर निहित स्वार्थ पूर्ति गर्न उद्यत जुनसुकै पक्ष भए पनि त्यो आम शिक्षाप्रेमी नागरिकका लागि सह्य हुँदैन र त्यस्तो गतिविधिको सबै पक्षबाट विरोध हुनुपर्दछ । यस्तै विवादका कारण त्रिविको साख दिनदिनै गिर्दो छ, गुणस्तर खस्कँदो छ र स्वदेशमै शिक्षा प्राप्त गर्ने उद्देश्यका साथ राजधानी प्रवेश गरेका हजारौं युवा विद्यार्थीको सपनामा तुषारापात भएको छ, उनीहरुको भविष्यमा खेलबाड भएको छ । विश्वविद्यालयजस्तो प्राज्ञिक थलोमा शैक्षिक क्रियाकलापभन्दा बढी राजनीतिक गतिविधि हाबी हुँदा यस्तो अवस्था आइपरेको हो । दलगत तथा गुटगत स्वार्थका कारण त्रिवि निरीह बन्दै जाने अवस्था सिर्जना हुनु कुनै पनि दृष्टिले राम्रो मान्न सकिँदैन । मुलुकमा सत्ताको बागडोर सम्हाल्नेदेखि नीतिनिर्माता, योजनाविद् तथा विभिन्न तहमा कार्यरत पदाधिकारीसम्मले अध्ययन गरेको त्रिविको वर्तमान अवस्थाले सबैलाई गिज्याइरहेको छ भन्दा फरक नपर्ला ।

हुन पनि मास्टर्स पोर्टल डट कमका अनुसार विश्वका उत्कृष्ट विश्वविद्यालयहरुमध्ये त्रिवि ९६२ औं स्थानमा पर्दछ भने बेलायतबाट प्रकाशित हुने द टाइम्स हायर एजुकेसन पत्रिकाको सन् २०१९ को सर्वेक्षणअनुसार ८०१ र १००० को बीचमा रहेको थियो । पछि सन् २०२० मा आएपछि यो स्थानबाट १३६० औं स्थानमा पुग्नु भनेको यसको गुणस्तर खस्कँदै गएको स्पष्ट हुन्छ । ६० आंगिक क्याम्पस, ३८ केन्द्रीय विभाग, १५ हजार १ सय ९६ कर्मचारी कार्यरत तथा ६ लाख ४ हजारभन्दा बढी विद्यार्थी रहेको त्रिविको स्तर बिग्रँदै जानुमा पढाइभन्दा बढी राजनीतिक गतिविधिले निरन्तरता पाउनु, अधिकांश विद्यार्थी अध्ययनमा भन्दा राजनीतिमा लाग्नु, दलीय झोला बोकेका प्राध्यापकहरु प्राध्यापनभन्दा बढी संघ-संगठनमा केन्द्रित हुनु र आमनागरिक समाजले कडा निगरानी गर्न नसक्नु नै हो ।

त्यसकारण राजनीतिक स्वार्थका लागि विद्यार्थीलाई प्रयोग गर्ने, आ-आफ्नै दलका कार्यकर्तालाई पदाधिकारी तथा कर्मचारी भर्ना गर्ने, नियुक्ति दिने परिपाटीको अन्त्य हुनु जरुरी छ । जुन पदका लागि आवश्यक पदाधिकारी तथा कर्मचारी भर्ना गर्न लागिएको हो त्यससँग सम्बन्धित सबै किसिमका ज्ञान, सीप, अनुभव, कार्ययोजना र क्षमता भएका सक्षम र योग्य व्यक्तिलाई नियुक्ति दिनुपर्दछ । *(साभार: न्यूज अफ नेपाल)*

# एकीकृत समाजवादीभित्र प्रष्ट गुटबन्दी

काठमाडौं/एकीकृत समाजवादीभित्रको अन्तरसंघर्ष चुनावी प्रतिस्पर्धासम्म पुगेको छ । मंगलबार पदाधिकारी र पोलिटब्यूरो सदस्यका लागि भएको मतदानमा गुटगत प्रतिस्पर्धा भएको हो । वरिष्ठ उपाध्यक्षसहित १८ पदका निम्ति मनोनयन दर्ता गर्दा प्रष्ट गुटगत उम्मेदवारी देखिएको थियो ।

तर वरिष्ठ उपाध्यक्षमा राजेन्द्र पाण्डे सर्वसहमत भए । घनेन्द्र बस्नेतलाई उम्मेदवारी फिर्ता लिन सहमत गराएर पाण्डेलाई निर्विरोध वरिष्ठ उपाध्यक्ष बनाइएको थियो । स्रोतका अनुसार बस्नेतलाई वरिष्ठ नेताको आश्वासन दिइएको छ । 'प्रमेश हमाल, घनेन्द्र बस्नेत र बेदुराम भुसाल लगायतलाई वरिष्ठ नेता बनाउने आश्वासन दिइएको छ', ती स्रोत भन्छन् ।

एकीकृत समाजवादीको विधानमा २१ जना पदाधिकारी बाहेक वरिष्ठ नेताहरु समेत राख्न सकिने व्यवस्था छ । त्यही व्यवस्था बमोजिम वरिष्ठ नेता बनाउने आश्वासन बस्नेतलाई दिइएको छ ।

तर वरिष्ठ उपाध्यक्षमा निर्विरोध गराउन पहल गरेका नेताहरुले अरु पदमा भने चुनावी प्रतिस्पर्धा हुन दिए । ३४४ जना केन्द्रीय सदस्यबाट निर्वाचित भएर आउने बाटो खुला गरिदिएपछि १७ पदका निम्ति ६७ जनाको उम्मेदवारी पर्‍यो ।

महिला उपाध्यक्षमा जयन्ती राई र रामकुमारी झाँक्रीको उम्मेदवारी पर्यो । मधेशी समुदाय तर्फका उपाध्यक्षमा धर्मनाथप्रसाद साह र रामचन्द्र झाले उम्मेदवारी दिए । चार जना खुला उपाध्यक्षका निम्ति ११ जनाले उम्मेदवारी दिए ।

चार उपमहासचिव पदका निम्ति १९ जनाको उम्मेद्वारी पर्यो ।



दलित र जनजाति तर्फको एक/एक सचिवमा तीन/तीन जनाले उम्मेद्वारी दिए । ५ पदको खुला सचिवमा २७ जनाको उम्मेदवारी परेको थियो ।

तर शीर्ष नेताहरुले उम्मेदवारी दिएकाहरुलाई स्वतन्त्र प्रतिस्पर्धा हुन दिएनन् । अध्यक्ष माधवकुमार नेपाल र महासचिव घनश्याम भूसाल पक्षका नेताहरुले मतदान गर्नुपर्ने पदाधिकारीको सूची नै बनाएर बाँडे ।

उम्मेदवार धेरै भएकाले पटकपटक फरक-फरक सूची बनिरहँदा प्रमुख नेताहरुको नाम छुटेनन् । मुख्यगरी महिला उपाध्यक्ष, मधेशी समुदायका उपाध्यक्ष र खुला उपाध्यक्षहरुमा प्रष्ट गुटबन्दी देखियो ।

अध्यक्ष नेपालका तर्फबाट जारी गरिएको सूचीमा महिला उपाध्यक्षमा रामकुमारी झाँक्रीको नाम राखिएको थियो । यद्यपि यही समूहको चर्को सूचीमा रामकुमारी झाँक्री र जयन्ती राई दुवैको नाम थियो । 'जयन्ती र रामकुमारी जसलाई भोट हालेपनि हुन्छ भनेर एउटा चिट बनाइएको थियो, फेरि रामकुमारीको मात्र राखेर बनाइयो', एक नेताले भने ।

रामकुमारीलाई माधव नेपाल तर्फको सूचीमा राखिएपछि जयन्ती राईको नाममा घनश्याम भूसाल पक्षका नेताहरुले मत मागे । मधेशी समुदायको उपाध्यक्षमा माधव नेपाल समूहले रामचन्द्र झालाई मत मागे भने धर्मनाथप्रसाद साहलाई भूसाल पक्षका नेताहरुले मत मागे ।

बाँकी चार खुला उपाध्यक्ष पदमा माधव नेपाल पक्षले डा.गंगालाल तुलाधर, जगनाथ खतिवडा, उर्वादत्त पन्त र विरोध खतिवडाको नाम र ाखेको थियो । खतिवडा र तुलाधर यसअघि उपमहासचिव थिए ।

खतिवडा र तुलाधरसँगै उपमहासचिव रहेका डा.विजयकुमार पौडेल र प्रकाश ज्वाला भने महासचिव भूसालको समूहमा उभिए । 'माधव नेपालको सूचीमा नपरेपछि उहाँहरु स्वत: फरक टीमबाट उम्मेदवार हुनुभयो', महासचिव भूसाल निकट एक नेताले भने । भूसाल समूहले अर्का उपाध्यक्षमा भानुभक्त जोशीको नाम राखेको छ ।

गत १६-२१ असारमा सम्पन्न दशौं राष्ट्रिय महाधिवेशनकै क्रममा यस्तो पक्षधरता देखिएको थियो । घनेन्द्र बस्नेत, जयन्ती राई, धर्मनाथप्रसाद साह, विजय पौडेल, प्रकाश ज्वाला, जीवनराम श्रेष्ठहरु नेतृत्व परिवर्तनको पक्षमा उभिएका थिए । उनीहरुले घनश्याम भूसाललाई अध्यक्ष बनाउन लबिङ गरेका थिए ।

तर अध्यक्ष, सम्मानित नेता र महासचिव पदमा निर्विरोध भयो । महाधिवेशन हलकै चाहना निर्विरोध नेतृत्व चयन होस् भन्ने रहेको भन्दै अध्यक्ष मण्डलका अध्यक्ष रहेका झलनाथ खनालले तीन पद घोषणा गरेका थिए ।

अध्यक्षमा माधव नेपाल, सम्मानित नेतामा आफै र महासचिवमा भूसालको नाम घोषणा गरेर बाँकी पद यी तीन जनाले टुंग्याउने भनेका थिए । जसअनुसार, तत्कालीन पोलिटब्यूरोमा रहेका ९३ जनालाई केन्द्रीय सदस्य मनोनीत गरिएको थियो ।

महाधिवेशन सकिएको एक महिनापछि गत १८ साउनमा थप २५१ जना केन्द्रीय सदस्य मनोनीत गरेर ३४४ सदस्यीय केन्द्रीय कमिटीको नाम सार्वजनिक गरिएको थियो । यसरी महाधिवेशनबाट निर्विरोध नेतृत्व टुंग्याउने क्रममा अध्यक्ष नेपालसहित नेताहरुले भर्खरै बनेको पार्टीमा चुनाव गराउन नहुने तर्क गरेका थिए ।

तर आइतबारदेखि सुरु भएको केन्द्रीय समितिमा बैठकमा पदाधिकारी र पोलिटब्यूरो छान्न मतदानको प्रक्रिया अवलम्बन गरिएको छ । मतदान हुँदा एकीकृत समाजवादीभित्रको अन्तरसंघर्ष छरपष्ट भएको छ । 'भर्खरै बनेको पार्टीमा मतदानबाट नेतृत्व नछानौं भनेर महाधिवेशन प्रतिनिधिहरुलाई घर पठाइयो, अहिले आफैंले छानेको केन्द्रीय सदस्यबाट मतदान गरियो', एक जना केन्द्रीय सदस्यले भने ।

मंगलबार मतदान हुँदा विशेषगरी उपाध्यक्ष र उपमहासचिव पदमा बलियो गुटगत प्रतिस्पर्धा देखियो । माधव नेपालको सूचीमा उपमहासचिव पदका निम्ति रामकुमार भट्टराई, राजेन्द्र राई, नागेन्द्र चौधरी र अम्मर थापाको नाम समावेश थियो । यही समूहले अर्को चिटमा बाँडेको थियो । जहाँ नागेन्द्र चौधरीको नाम हटाएर लक्ष्मण केसीको नाम समावेश छ भने उर्वादत्तको नाम हटाएर प्रकाश ज्वालाको नाम राखिएको छ ।

भूसाल समूहले उपसचिव पदमा जीवनराम श्रेष्ठ, गरिमा साह, हरि पराजुली र शत्रुघ्न महतोको नामको सूची बाँडेको थियो । सचिव पदमा पनि गुटगत मत मागिएको छ । ठूलो संख्या भएकाले पोलिटब्यूरो सदस्यमा भने प्यानल देखिएन । १०४ सदस्यीय पोलिटब्यूरोका निम्ति २०२ जनाले उम्मेदवारी दिएका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# दयाहाङ स्टारर 'पूजा, सर'को टिजर रिलिज

काठमाडौं/संसारका प्रतिष्ठित फेस्टिभलमा सहभागी भएको 'हाइवे' र 'ह्वाइट सन'पछि दीपक रौनियारले निर्देशन गरेको नयाँ फिल्म 'पूजा, सर' (राजागंज)को टिजर सार्वजनिक गरिएको छ । मंगलबार सार्वजनिक टिजरमा अपहरणमा परेका दुई बालकलाई मुक्त गर्न प्रहरीले चलाएको 'सर्च अपरेसन'लाई देखाइएको छ । फिल्मले मधेशको कथा उठाएको छ । टिजरले सशक्त कथावाचनको छनक दिन्छ ।



यो फिल्ममा अभिनेता दयाहाङ राईले प्रहरी उपरीक्षक (एसपी)को भूमिका निभाएका छन् । अभिनेत्री आशा मगराती इन्सपेक्टरको भूमिकामा प्रस्तुत छिन् । उनकै चरित्रमार्फत कथा भनिएको जानकारी टिजरले गराउँछ । अभिनेत्री ऋचा शर्माले मधेशी समुदायकी विवाहित महिलाको भूमिका निर्वाह गरेकी छन् भने अर्की अभिनेत्री निकिता चाण्डक प्रहरीको भूमिकामा टिजरमा देखिएकी छन् ।

विजय बराल, गौमाया गुरुङ, आरती मण्डल, घनश्याम मिश्र, परमेश्वर कुमार झा, पशुपति राई र नीरज श्रेष्ठको पनि अभिनय रहेको फिल्मको प्रदर्शनभन्दा अगावै चार देशका लागि राइट्स बिक्री भइसकेको छ । फ्रान्स, स्वीट्जरल्याण्ड, जर्मनी र अष्ट्रियाका लागि फिल्म बिक्री भएको निर्देशक रौनियारले जानकारी दिए । यो फिल्म यही २९ अगस्टमा 'भेनिस फेस्टिभल'मा वर्ल्ड प्रिमियर हुँदैछ ।

आदि फिल्मसको तर्फबाट दीपक रौनियार र आशा मगराती, 'कबड्डी' निर्माण कम्पनी बाँसुरी फिल्मसको तर्फबाट रामबाबु गुरुङ र मनिराम पोखरेल एवं तन्हाउसर गेटको तर्फबाट एलन आर मिलिगन (नर्वे)ले फिल्मको निर्माणमा सहकार्य गरेका छन् ।

नर्वेजियन सिनेमा इन्स्टिच्युटको सोर्फोन्डबाट आर्थिक सहयोग समेत प्राप्त गरेको 'पूजा, सर'को नेपाल प्रदर्शन मिति भने घोषणा भएको छैन ।

# कात्तिक १५ मा प्रदीप र पलको भिडन्त




काठमाडौं/गत जेठमा आएको ठूला 'स्टार'का दुई फिल्म (पूजार सार्की र फर्की फर्की)को भिडन्तले ठूलै तरंग ल्याएको थियो । अब एकपटक फेरि दुई 'स्टार'का फिल्म बक्स अफिसमा आमने-सामने हुने भएका छन् । 'पूजार सार्की'मा एकसाथ काम गरेका प्रदीप खड्का र पल शाहको फिल्मबीच भिडन्त हुन लागेको हो । आगामी कात्तिक १५ गते (लक्ष्मीपूजा)मा उनीहरुका फिल्म भिड्न लागेका हुन् ।

प्रदीप अभिनीत फिल्म 'एक्टर'को छायांकनमा नजाँदै लक्ष्मीपूजालाई प्रदर्शन मिति घोषणा गरिएको थियो । यसपछि यो मिति अरुले रोजेनन् । अब 'एक्टर'सँग पल अभिनीत फिल्म 'मायावी'ले बक्स अफिसमा प्रतिस्पर्धा गर्ने भएको छ । सम्भवत: बुधबार 'फर्स्टलुक' पोस्टर सार्वजनिक गर्दै कात्तिक १५ गतेलाई फिल्मको प्रदर्शन मिति घोषणा गर्ने तयारीमा निर्माण टिम रहेको स्रोतले जनाएको छ ।

'एक्टर' र 'मायावी'को भिडन्तले फिल्म क्षेत्रमा ठूलो तरंग पैदा गराउने निश्चित छ । किनभने, दुवैमा 'स्टार' छन् । यो प्रदीप र पलको स्टारडम मापन गर्ने परीक्षा पनि हुनेछ । तिहारदेखि छठसम्म शनिबारसहित ६ वटा विदा भएकाले 'मायावी'का निर्माताले रिलिजका लागि कात्तिक १५ उचित मिति ठानेको हुनुपर्छ । त्यसो त अहिले एउटा मितिमा दुईटा फिल्म नेपालका हलले सजिलै धान्न सक्छन् ।

'मायावी'लाई दीवाकर भट्टराईले लेखन र निर्देशन गरेका हुन् । यसमा पलको जोडी भएर अभिनेत्री दीपिका प्रसाइँ देखिएकी छन् । निर्माताहरुमा राज कटुवाल, चन्द्र पन्त र ध्रुव न्यौपाने छन् । 'एक्टर'का निर्देशक भने राजन भुसाल हुन् । यसमा प्रदीपसहित आना शर्मा, राजबल्लभ कोइलारा, दिव्या रायमाझी लगायतको अभिनय छ । 'स्टारकास्ट'को हिसाबले दुवै फिल्म बलियो देखिएका छन् ।

# विद्यालय शिक्षा विधेयकमा राजनीतिक सहमति खोज्दै संसदीय समिति

काठमाडौं/शिक्षा, स्वास्थ्य तथा सूचनाप्रविधि समितिले विद्यालय शिक्षा विधेयकमा राजनीतिक सहमति खोजेको छ । विधेयक एक वर्षदेखि प्रतिनिधिसभामा विचाराधीन छ । २०८० साल भदौ २७ गते प्रतिनिधिसभामा दर्ता भएको विधेयकमा हाल शिक्षा समितिले सरोकारवालाहरूको छलफल सकेको छ । अहिले संशोधनकर्ता सांसदहरूसँग छलफल चलिरहेको छ । १५२ समूहमा सांसदहरूले एक हजार ७५८ वटा संशोधन प्रस्ताव दर्ता गरेका छन् । संशोधनकर्ताहरुसँग छलफल सकिएपछि विधेयक अगाडि बढाउने राजनीतिक दलहरूका बीचमा सहमति अनिवार्य हुने समितिका सदस्यहरु बताउँछन् ।

त्यसमा सहमत समिति सभापति अम्मरबहादुर थापा पनि दिगो कानुन बनाउनका लागि राजनीतिक सहमति आवश्यक रहेको बताउँछन् । उनले भने, 'सबैले छिटो गरौं भनिरहेका छन् । तर, यसमा राजनीतिक सहमति जुट्न आवश्यक छ । यसका लागि प्रयत्न भइराखेको छ ।' सदस्यहरुका अनुसार विद्यालय शिक्षा विधेयकमा मुख्यत: चार वटा विषयमा राजनीतिक सहमति चाहिन्छ ।

**पहिलो : क्षेत्राधिकार**

विद्यालय तहको शिक्षाको क्षेत्राधिकार कुन तहको सरकार मातहत रहने भन्ने विषय प्रस्तावित विधेयकको सबैभन्दा पेचिलो विषय हो । संविधानको अनुसूची ८ ले आधारभूत र माध्यमिक शिक्षालाई स्थानीय सरकारको एकल अधिकार मानेको छ । तर शिक्षकहरु स्थानीय तह मातहत नबस्ने भन्दै आन्दोलन गरे, सरकारले पनि आन्दोलन रोक्न सहमति गर्‍यो । लगत्तै गाउँपालिका महासंघ, नगरपालिका संघले भने स्थानीय तहको अधिकारमा हस्तक्षेप नगर्न चेतावनी दिए ।

समिति सदस्य सुमना श्रेष्ठ भन्छिन्, 'विधेयकमाथिको छलफलमा आएर स्थानीय तहका प्रतिनिधिहरुले संविधानप्रदत्त अधिकार नपाए अदालत जाने भन्नुभएको छ । शिक्षकहरूले स्थानीय सरकार मातहत रहन नचाहनुभएको देखिन्छ । यो पेचिलो विषयको रुपमा रहेको छ ।' यसमा सहमति जुटेपछि अन्य विषयमा समझदारी खोज्न सहज हुने उनी बताउँछिन् । विद्यालय शिक्षामा संघीय सरकारले हस्तक्षेप गर्न नहुने पक्षमा रहेको पूर्वशिक्षामन्त्री समेत रहेकी श्रेष्ठले भनिन्, 'यो विषय टुंगियो भने अरु मिल्नेतिर अगाडि बढ्छन् ।'

**दोस्रो : ट्रेड युनियन अधिकार**

शिक्षकको ट्रेड युनियन अधिकारको विषयमा समेत उत्तिकै महत्वका साथ छलफल भइरहेको छ । प्रस्तावित विधेयकले शिक्षकलाई राजनीतिक गतिविधिमा संलग्न हुन बन्देज लगाएको छ, तर शिक्षकहरुको पेशागत हकहितका काम गर्न गैरराजनीतिक र व्यावसायिक संस्थाको रुपमा नेपाल शिक्षक महासंघ रहने उल्लेख छ ।

राजनीतिक दल वा दलसँग आवद्ध संगठनको सदस्यता लिएमा, राजनीतिक क्रियाकलापमा संलग्न भएमा वा अन्य राजनीतिक गतिविधिमा भाग लिएमा सेवाबाट हटाउने वा बर्खास्त गर्ने व्यवस्था प्रस्तावित छ । विधेयकमा भनिएको छ- 'शिक्षकले राजनीतिक दल वा दलसँग आवद्ध संगठनको सदस्यता लिन, राजनीतिक गतिविधिमा भाग लिन, राजनीतिक पदको लागि हुने निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत वा चन्दा माग्न वा कुनै प्रकारको राजनीतिक क्रियाक्लापमा संलग्न हुनुहुँदैन ।' साथै शिक्षकलाई प्रदर्शन गर्न, बन्द हड्तालमा भाग लिन, घेराउ गर्न, दबाब दिन, पठनपाठन बन्द गर्न रोक लगाइएको छ ।

प्रस्तावित व्यवस्थाले शिक्षकको ट्रेड युनियन अधिकार हनन् हुने र ट्रेड युनियन राख्नै नहुने वा प्रस्तावित विधेयकमा भए अनुसार गैर राजनीतिक र व्यावसायिक संस्थाको रुपमा एउटा महासंघ राख्नुपर्ने दुईथरी तर्कका साथ सांसदहरु प्रस्तुत भएका छन् । यही अनुसार सांसदहरुका संशोधन प्रस्ताव समेत दर्ता भएका छन् ।

**तेस्रो : अनिवार्य तथा नि:शुल्क शिक्षा**

विद्यालय शिक्षा विधेयकको तेस्रो महत्वपूर्ण विषय हो- अनिवार्य तथा नि:शुल्क शिक्षाको संवैधानिक हकको कार्यान्वयन । संविधानमा विद्यालय शिक्षालाई अनिवार्य तथा नि:शुल्क भनिएको छ । तर निजी स्कुलहरु पनि छन् । सरकारले पनि सुरुमा यो विधेयक मस्यौदा गर्दा निजी विद्यालयहरु ५ वर्षपछि नाफारहित गुठीमा जानुपर्ने प्रस्ताव गरिएको थियो । तर निजी स्कुल सञ्चालकहरुले विरोध गरेपछि सरकारले विधेयक नै संशोधन गर्‍यो । अहिले नयाँ खुल्ने निजी स्कुल गुठी अन्तर्गत हुनुपर्ने भनिएको छ । तर हाल सञ्चालनमा रहेका स्कुलहरुको हकमा स्वेच्छिक छ । विधेयकमा भनिएको छ- 'यो ऐन प्रारम्भ हुँदाको बखत प्रचलित कम्पनी कानुन बमोजिम स्थापना भई सञ्चालनमा रहेका संस्थागत विद्यालय यो ऐन प्रारम्भ भएपछि शैक्षिक गुठीका रुपमा रूपान्तरण गरी सञ्चालन गर्न सकिनेछ ।'

निजी विद्यालय चलाउन दिंदासम्म अनिवार्य तथा नि:शुल्क शिक्षा कार्यान्वयन हुन नसक्ने कतिपयको मत छ । निश्चित समय दिएर निजी विद्यालय गुठीमा रूपान्तरित हुनुपर्ने आफूहरुको संशोधन रहेको बताउँछिन् रास्वपाकी सांसद श्रेष्ठ । संविधानको मर्म एकातिर ऐन अर्कोतिर हुन नसक्ने भएकाले २० वर्षसम्मको अवधि दिएर निजी विद्यालयलाई गुठीमा रूपान्तरित हुनुपर्ने प्रावधान राखेर संविधानले व्यवस्था गरेको अनिवार्य तथा नि:शुल्क शिक्षा कार्यान्वयनमा अग्रसर हुनुपर्ने आफूहरुको संशोधन प्रस्ताव रहेको उनले जानकारी दिइन् ।

कतिपय सांसदले नि:शुल्क शिक्षाको परिभाषामै संशोधन हालेका छन् । सांसदहरू गगन थापा, जीवन परियार, प्रेम सुवाल, प्रदीप पौडेल, उर्मिला माझीले नि:शुल्क शिक्षा पूर्णत: नि:शुल्क हुनुपर्ने भन्दै संशोधन हालेका हुन् । गगन थापा र जीवन परियारको संयुक्त संशोधनमा भनिएको छ- 'नि:शुल्क शिक्षा भन्नाले विद्यालयले विद्यार्थी वा निजको अभिभावकबाट शिक्षण शुल्कको नाममा कुनै पनि शुल्क नलिई प्रदान गरिने शिक्षा सम्झनुपर्छ ।' तर कतिपय सांसदहरु भने प्रस्तावित विधेयकको व्यवस्थालाई हुबहु पास गर्ने पक्षमा छन् ।

**चौथो : ७७ जिल्लामा संघीय संरचना**

प्रस्तावित विधेयकमा राजनीतिक सहमति खोजिएको अर्को प्रावधान हो- ७७ जिल्लामा संघीय संरचनाको रूपमा रहने परिकल्पना गरिएको जिल्लामा शिक्षा इकाइको अवधारणा । प्रस्तावित विधेयकमा समन्वयकारी भूमिका दिएर जिल्ला शिक्षा कार्यालयलाई ब्युँताइएको छ । शिक्षकहरुको कार्य सम्पादन मूल्यांकन, जिल्लाभित्र अन्तरपालिका शिक्षक-कर्मचारीको सरुवा, शिक्षकहरुको बिदा (अध्ययन बिदा, बेतलबी बिदा, असाधारण बिदा) स्वीकृतिको अधिकार जिल्ला शिक्षा कार्यालयमा राख्ने प्रस्तावित व्यवस्था छ ।

*(स्रोत: अनलाइनखबर)*

# साफ यू-२० च्याम्पियनसिप फाइनलमा भिड्न नेपाल र बंगलादेश तयार

काठमाडौं/साफ यू-२० च्याम्पियनसिपको उपाधिका लागि घरेलु टोली नेपालले बुधबार बंगलादेशसँग प्रतिस्पर्धा गर्दैछ । नेपालले सेमिफाइनलमा भुटान र बंगलादेशले साविक विजेता भारतलाई पराजित गर्दै उपाधि नजिक पुगेका हुन् । दुवैले पेनाल्टी सुटआउटमा खेल जितेका थिए । फाइनलअघि मंगलबार भएको प्रि म्याच कन्फ्रेन्समा नेपाल र बंगलादेश दुवै टोलीका प्रशिक्षक र कप्तानले फाइनलका लागि तयार भएको बताएका छन् ।

नेपालका मुख्य प्रशिक्षक उर्जन श्रेष्ठले फाईनल पुगेका दुवै टिम राम्रो भएकोले खेल प्रतिस्पर्धात्मक हुने बताए । 'फाइनलका लागि हामी तयार छौं । बंगलादेश पनि राम्रो हो । जसले राम्रो खेल्छ उसैले जित्छ', श्रेष्ठले भने, 'बंगलादेश कठिन टिम हो । फाइनल प्रतिस्पर्धात्मक हुनेछ । हामी फाइनलमा राम्रो प्रदर्शन गर्नेछौं ।'

बंगलादेशका प्रशिक्षक मरुफुल हकले फाईनलसम्म यात्रामा धेरै उताचढाव भएको भन्दै फाइनलका लागि तयार रहेको बताए । 'यो यात्रामा धेरै उतारचढाव भयो,' हकले भने, 'नेपाल घरेलु मैदानमा बलियो प्रतिद्वन्द्वी हो । किनकी धेरै खेलाडीले यहीं खेलेका छन् । हामी फाइनलका लागि तयार छौं ।'

**एकै प्रतियोगितामा दोस्रो भेट**

नेपाल र बंगलादेश जारी प्रतियोगितामा दोस्रो पटक आमनेसामने हुनेछन् । यसअघि समूह चरणको पहिलो भेटमा नेपालले बंगलादेशलाई २-१ ले पराजित गरेको थियो ।

नेपालले पहिलो हाफमा दुई मिनेट अन्तरमा दुई गोल गर्दै बंगलादेश माथि दबाब बनाएर जित निकालेको थियो । जसमा समीर तामाङले नेपालका लागि पहिलो गोल गरेका थिए भने अर्को गोल बंगलादेशले आत्मघाती उपहार दिएको थियो । पछि बंगलादेशले पेनाल्टीमा एक गोल फर्काएको थियो ।

समूह ए मा समूह विजेता बन्ने क्रममा नेपालले श्रीलंका र बंगलादेशलाई पराजित गरेको थियो । पहिलो खेलमा नेपालले श्रीलंकालाई १-० ले पराजित गरेको थियो । बंगलादेशले भने श्रीलंकालाई २-० ले पराजित गरेको थियो ।

**पहिलो पटक फाइनलमा भेट**

नेपाल र बंगलादेश साफ यू२०/१९/१८ च्याम्पियनसिपमा फाइनलमा प्रतिस्पर्धा गर्न लागेको यो पहिलो पटक हो । नेपालले सुरुवाती दुई संस्करणको उपाधि जितेको थियो ।

सन् २०१५ मा घरेलु मैदानमै भएको पहिलो संस्करणमा नेपालले फाइनलमा भारतलाई पेनाल्टी सुटआउटमा हराएर उपाधि जितेको थियो । सन् २०१७ मा भुटानमा भएको दोस्रो संस्करण राउण्ड रोविनका आधारमा खेलाइएको थियो । नेपाल ९ वर्षपछि पहिलो पटक फाइनल खेल्दैछ । पहिलो संस्करणपछि नेपाल पहिलो पटक फाइनल पुगेको हो ।

बंगलादेश भने तेस्रो पटक फाइनल खेल्दैछ । यसअघि सन् २०१९ र २०२२ मा बंगलादेश फाइनल पुगेको थियो । तर दुवै पटक भारतसँग फाइनलम पराजित हुँदै उपविजेतामा सीमित भएको थियो । सन् २०१७ मा नेपाल च्याम्पियन बन्दा पनि बंगलादेश उपविजेता बनेको थियो ।

तर त्यसबेला राउण्ड रोविनका आधारमा प्रतियोगिता भएको थियो लिग चरणको खेलपछि शीर्ष स्थानमा रहने टिम सिधै च्यामपियन बन्ने नियम थियो । सन् २०२२ मा पनि राउण्ड रोविन लिगकै आधारमा खेलाइएको थियो । लिग चरणपछि शीर्ष दुईमा रहने टोलीले फाइनल खेलेका थिए । लिगमा बंगलादेश शीर्ष स्थानमा रहे पनि फाइनल लिगमा दोस्रो भएको भारतले बंगलादेशलाई हराउँदै उपाधिमा ह्याट्रिक गरेको थियो ।

**नेपाल भर्सेस बंगलादेश: विगतमा नेपाल हावी**

उमेर समूहमा नेपाल र बंगलादेशबीच भएको खेलमा अहिलेसम्म नेपालले हार व्यहोरेको छैन । यस्तै नेपालले बंगलादेशलाई पराजित गर्दै यसअघि च्याम्पियन बनेको उदाहरण छ । सन् २०१५ र २०१७ मा नेपाल च्याम्पियन बन्दा बंगलादेशलाई हराएको थियो । यस्तै यस संस्करणमा पनि नेपालले बंगलादेशलाई एक पटक हराइसकेको छ । नेपाल र बंगलादेशबीच साफ यू२० मा चार पटक खेल हुँदा नेपाल ३ खेलमा विजयी भएको छ भने एक खेल बराबरीमा सकिएको छ । सन् २०२२ मा भएको नेपाल र बंगलादेशले १-१ को बराबरी खेलेका थिए । सन् २०१५ मा भएको पहिलो संस्करणको समूह चरणमा नेपालले बंगलादेशलाई २-१ ले पराजित गरेको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# 'सतीदेवी'लाई प्रतिक्रिया राम्रो, भुवनले भने- 'मन छुने फिल्म'

काठमाडौं/छोरा र छोरीबीच गरिने विभेदको कथामा बनेको फिल्म 'सतीदेवी'ले व्यापारमा सुधारको लागि संघर्ष गरिरहेको भए पनि प्रतिक्रिया राम्रो मिलेको छ । जो जतिले फिल्म हेरेका छन्, प्रशंसा नै गरेका छन् । विषयवस्तु र कलाकारको अभिनयले दर्शकलाई प्रभावित बनाएको देखिन्छ । सामाजिक सञ्जालमा फिल्मको प्रशंसा गर्दै स्टाटस लेख्नेदेखि भावुक हुँदै भिडियो बनाउने समेत देखिएका छन् ।

केही दिनअघि सुजा चोङबाङ लिम्बू नाम गरेकी एक महिला दर्शकले फिल्म हेरेपछि फेसबुकमा एक भिडियो पोस्ट गर्दै आफूलाई फिल्मको हरेक दृश्यले भावुक बनाएको प्रतिक्रिया जनाएकी छन् । उनी भन्छिन्, 'तीन दिन भइसक्यो फिल्म हेरेको । तर, त्यसको पार्ट-पार्टले एकदमै छोइरहेको छ । म एकदमै भावुक भइरहेको छु ।' उनले क्लाकारहरुको अभिनयको पनि प्रशंसा गरेकी छन् ।

दर्शकले मात्र होइन, सेलिब्रेटीहरुले पनि 'सतीदेवी' रुचाएका छन् । सोमबार फिल्म हेर्न पुगेका चलचित्र विकास बोर्डका पूर्व अध्यक्ष तथा अभिनेता भुवन केसीले आफू पटकपटक भावुक बनेको प्रतिक्रिया दिए । 'सुरुदेखि अन्तिमसम्म एकदमै मन छुने छ । एकदमै 'इमोसनल' छ,' उनले भने, 'एउटा छोरीले परिवारका लागि कतिसम्म गर्न सक्छ भन्ने कुरा फिल्मले एकदमै राम्रोसँग देखाएको छ ।'

उनले अभिनेत्री मलिका महतको पनि अभिनयको मुक्तकण्ठले प्रशंसा गरे । 'मलिका राम्रो क्लाकार हो भन्ने थाहा थियो तर, यसमा मैले सोचेभन्दा धेरै राम्रो काम छ । अरु कलाकारको काम पनि राम्रो छ । यो परिवारले हेर्नुपर्ने फिल्म हो भन्ने मलाई लाग्छ । यसले ठूलो सन्देश बोकेको छ । फिल्म हेर्दा कसैलाई पनि पश्चाताप हुन्न,' भुवन भन्छन् । उनले फिल्मलाई 'माइन्ड ब्लोइङ'को संज्ञा दिए ।



फिल्मका निर्देशक तथा निर्माता लक्ष्मण सुवेदीले दर्शकबाट प्रतिक्रिया राम्रो मिलेकाले व्यापारमा वृद्धि हुने विश्वास व्यक्त गरेका छन् । उनी भन्छन्, 'दर्शकबाट पाएको प्रतिक्रियाले म आफैं भावुक बनेको छु । मेरो लागि यही सबैभन्दा ठूलो सफलता हो । 'वर्ड अफ माउथ' राम्रो रहेकाले व्यापारमा बढ्छ भन्नेमा म विस्वस्त छु ।' मलिका पनि दर्शकबाट प्राप्त प्रतिक्रियाले उत्साहित देखिएकी छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

### परीक्षा पास भएकालाई हेटौंडा अस्पतालले दिएन नियुक्ति:

# मुख्यमन्त्री कार्यालयमै भयो नाराबाजी

साझाकुरा संवाददाता



हेटौंडा, ११ भदौ/ कर्मचारी पदपूर्तिका लागि लिएको परीक्षामा पास भएकाहरूलाई हेटौंडा अस्पतालले नियुक्ती नदिएपछि मुख्यमन्त्री कार्यालय अगाडि नाराबाजी गरेका छन् । परीक्षापश्चात् साउन ३१ गते अन्तरवार्ता गरी परीक्षाफल प्रकाशन गरिएकोमा उत्तीर्ण भएकाहरूलाई अहिलेसम्म नियुक्ती दिइएको छैन ।

कर्मचारीको माग गर्दै साउन १ गते १५ दिनको सूचना प्रकाशन भएको थियो । सोही अनुसार सबै प्रक्रिया पूरा गरी परीक्षाफल नै प्रकाशित हुँदा पनि कर्मचारीलाई नियुक्ती नदिइएको हो । कर्मचारीलाई नियुक्ती दिनुको साटो अस्पतालका निमित्त निर्देशक डा.रामचन्द्र सापकोटाले भदौ ५ गते सूचना प्रकाशन गर्दै हाललाई नियुक्ती प्रक्रिया स्थगित गरिएको जानकारी गराएका थिए ।

बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयबाट कर्मचारी नियुक्तिको क्रममा भएको अन्तरवार्तामाथि छानबिनका लागि समिति गठन भएकोले नियुक्ती प्रक्रिया स्थगित गरिएको सूचनामा उल्लेख छ । स्वास्थ्य मन्त्रालयबाट प्राप्त पत्र अनुसार छानबिन समितिबाट प्रतिवेदन प्राप्त नहुञ्जलसम्मका लागि नियुक्ती प्रक्रिया स्थगित गरिएको निमित्त निर्देशक सापकोटाले बताए ।

स्वास्थ्य मन्त्रालयबाट नियुक्ती गर्नू भन्ने पत्र प्राप्त हुने बित्तिकै प्रक्रिया अघि बढ्ने उनको भनाई रहेको छ । परीक्षामा उत्तीर्ण भएका कर्मचारीलाई नियुक्ती गर्ने विषयमा अनावश्यक राजनीति गरिएको भन्दै नेपाली कांग्रेस निकटको युवा दस्ता नेपाल तरुण दल हेटौंडा उपमहानगर समितिले अल्टिमेटमसहित ध्यानाकर्षण जनाउँदै आएको छ । तरुणका उपमहानगर अध्यक्ष सुनिल गिरी नेतृत्वको टिमले हेटौंडा अस्पताल प्रशासन र बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामालाई भेटेर तत्काल कर्मचारी नियुक्ती गर्न माग गरेको छ ।

परीक्षामा उत्तीर्ण भएका कर्मचारीमाथि अनावश्यक राजनीति गरिएमा अस्पताल र मुख्यमन्त्रीको कार्यालयमा तालाबन्दी गर्ने सम्मको चेतावनी दिइएको छ । 'परीक्षामा पास भएकाहरूलाई यथाशीघ्र नियुक्ती दिनुपऱ्यो भन्ने हाम्रो माग हो', तरुण अध्यक्ष गिरीले भने, 'कर्मचारी नियुक्तिको विषयमा अनावश्यक राजनीति स्वीकार्य छैन । नियुक्ती दिइएन भने हामी तालाबन्दी गर्न बाध्य हुनेछौं ।' कांग्रेस उपमहानगर सभापति उत्सव ईटेनीले हेटौंडा अस्पताल केही व्यक्तिको राजनीति गर्ने अखडा बनेको भन्दै मुख्यमन्त्रीको ध्यानाकर्षण गराए । अस्पतालले १४३ विभिन्न पदका लागि दरखास्त आव्हान गरेको थियो ।

जसमध्ये १३७ जना उत्तीर्ण भएको परीक्षाफल नै प्रकाशन गरेको थियो । हेटौंडा अस्पतालको मेडिकल सुपरिटेन्डेन्ट परिवर्तन भएकोले नियुक्तिमा ढिलाइ भएको प्रतिक्रिया दिने गरेको कर्मचारीको भनाई छ । यता बागमती प्रदेशका मुख्यमन्त्री लामाले बुधवार सम्म नियुक्ती प्रक्रिया टुङ्गिने आश्वासन दिएका छन् । 'म स्वास्थ्य मन्त्रीसँग यस विषयमा बसेर कुराकानी गर्नेछु', उनले भने, 'बुधवार सम्ममा नियुक्तिको विषय टुङ्गो लाग्नेछ ।' स्वास्थ्य क्षेत्रमा अनावश्यक राजनीति गर्न नहुने मुख्यमन्त्री लामाको भनाई रहेको थियो । अस्पतालले करारमा स्वास्थ्यकर्मी नियुक्ती गर्न प्रकाशन गरेको सूचना अनुसार परीक्षामा नै सहभागी नभएकाहरूलाई काममा लगाउन खोजेको आरोप समेत रहेको छ । यस विषयमा तरुण दलले निरन्तर खबरदारी गर्दै आएको छ ।

# बागमती प्रदेश सरकारका राजश्व ९ अर्ब न्यून संकलन

साझाकुरा संवाददाता

हेटौंडा, ११ भदौ/ बागमती प्रदेशमा आर्थिक वर्ष २०८०/८१ मा लक्ष्यभन्दा नौ अर्ब कम राजस्व संकलन भएको छ । बागमती प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार आव २०८०/८१ मा लक्ष्यभन्दा नौ अर्ब तीन करोड ३१ लाख रुपैयाँ कम राजस्व संकलन भएको हो ।

प्रदेश सरकारले आव २०८०/८१ मा राजस्व बाँडफाँट शीर्षकबाट प्राप्त राजस्व, प्र्देश सरकारको आन्तरिक स्रोतबाट संकलित राजस्व र संघीय सरकार बाट प्राप्त अनुदान समेतबाट ४८ अर्ब २५ करोड ४३ लाख ७५ हजार संकलन हुने अनुमान गरिएकोमा ती सबै शीर्षकबाट ३९ अर्ब २२ करोड १२ लाख ४७ हजार मात्र राजस्व संकलन भएको आर्थिक मामिला तथा योजना मन्त्रालयका सूचना अधिकारी सुरज पौडेलले जानकारी दिए ।

पौडेलका अनुसार प्रदेश सरकारले यो आवमा राजस्व बाँडफाँटबाट २६ अर्ब ६८ करोड ६८ लाख ४० हजार राजस्व संकलन हुने लक्ष्य लिएकोमा त्यसको ८१ दशमलव ८५ प्रतिशत अर्थात २१ अर्ब ८४ करोड २२ लाख मात्र राजस्व संकलन भएको छ ।

प्रदेश सरकारको आन्तरिक स्रोतबाट तीन अर्ब ७५ करोड ५२ लाख ३५ हजार राजस्व संकलनको लक्ष्य रहेकोमा लक्ष्यको ९७ दशमलव ५२ प्रतिशत अर्थात तीन अर्ब ६६ करोड २० लाख राजस्व मात्र संकलन भएको सूचना अधिकारी पौडेलले बताए ।

संघीय सरकारबाट १७ अर्ब ८१ करोड २३ लाख अनुदान प्राप्त हुने अनुमान गरिएकोमा त्यसको ७७ दशमलव ०१ प्रतिशत अर्थात १३ अर्ब ७१ करोड ७० लाख मात्र अनुदान प्राप्त भएको उनको भनाइ छ । आव २०७९/८० मा पनि बागमती प्रदेश सरकारले अनुमान गरेको भन्दा १७ प्रतिशत कम राजस्व संकलन भएको थियो । प्रदेश सरकारले आव २०७९/८० मा ५५ अर्ब ३१ करोड राजस्व संकलनको अनुमान गरेकोमा ४५ अर्ब ८८ करोड राजस्व संकलन गरेको थियो ।

प्रदेश सरकारले आव २०७९/८० मा विभिन्न आयस्रोत र गत वर्षको नगद मौज्दातसहित ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार प्राप्त हुने अनुमान गरिएकोमा त्यसको १०५ दशमलव ४५ प्रतिशत अर्थात ६६ अर्ब १२ करोड ६९ लाख प्राप्त भएको बागमती प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय हेटौंडाका प्रमुख हरिप्रसाद उपाध्यायले बताए । प्रदेश सरकारले आव २०७९/८० मा विभिन्न आयस्रोत र गत वर्षको नगद मौज्दातसहित ७० अर्ब ९३ करोड प्राप्त हुने अनुमान गरेकोमा ७७ अर्ब ८२ करोड संकलन गरेको थियो ।

संघीय र स्थानीय तहबाट बाँडफाँट हुने मूल्य अभिवृद्धि कर, आयकर, प्राकृतिक स्रोत उत्खनन दस्तुर, मालपोत लगायतका राजस्व संकलनमा आएको कमी र आर्थिक मन्दीका कारण संघीय सरकारले केही कार्यक्रम कटौती गर्नुपरेको जस्ता कारणले राजस्वमा कमी आएको प्रमुख उपाध्यायको धारणा छ ।

# राष्ट्रिय खेलकुदको दसौं संस्करण पूर्वनिर्धारित मितिमा नहुने

साझाकुरा संवाददाता

हेटौंडा, ११ भदौ/नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघले राष्ट्रिय खेलकुदको दसौं संस्करणको विषयलाई लिएर सरकारको ध्यानाकर्षण गराएको छ । संघका अध्यक्ष दीपक श्रेष्ठले मंगलबार युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरी र राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङलाई ध्यानाकर्षणपत्र बुझाएका हुन् ।

संघले ध्यानाकर्षणपत्र मार्फत् राष्ट्रिय खेलकुदको दसौं संस्करणको विषयमा खेलाडी र खेलकर्मीलाई प्रष्ट जानकारी दिन सरकारलाई आग्रह गरेको छ । स्थानीय आयोजकको रुपमा रहेको कर्णाली प्रदेश खेलकुद परिषद्ले काउन्ट डाउन सुरु गरिसकेको भएपनि संघीय सरकार तथा राष्ट्रिय खेलकुद परिषद्ले पूर्वनिर्धारित मिति २०८१ मंसिर २ देखि ९ सम्म दसौं संस्करण आयोजना हुने नहुने भन्ने विषयमा प्ष्ट नपार्दा खेलाडीमा अन्यौलता सिर्जना भएको ध्यानाकर्षणपत्रमा उल्लेख गरिएको छ ।

छिटो भन्दा छिटो दसौं राष्ट्रिय खेलकुदका विषयमा प्रष्ट जानकारी देशभरका खेलाडी र खेलकर्मीलाई दिन राष्ट्रिय खेलकुद परिषद्का अध्यक्ष समेत रहेका मन्त्री चौधरीलाई संघले आग्रह गरेको हो ।

'हरेक दुईवर्षमा आयोजना हुने लक्ष्यकासाथ सुरु भएको राष्ट्रिय खेलकुद विगतमा वर्षौंसम्म आयोजना हुन नसकेको तितो यथार्थ पनि हामी सामू छ । जसले गर्दा त्यतिबेलाका कतिपय खेल प्रतिभाले आफ्नो खेल कौशललाई प्रदर्शन गर्न पाएनन् । त्यसअर्थ भविष्यमा यस्तो परिस्थिति फेरि कहिल्यै नआओस् भन्दै सरकारको ध्यानाकर्षण गराउन चाहन्छौं ।' ध्यानाकर्षणपत्रमा उल्लेख छ ।

देशको सबैभन्दा ठूलो खेलमेलाका रुपमा रहेको राष्ट्रिय खेलकुदको दसौं संस्करणको आयोजना कर्णाली प्रदेशमा हुने गरी नवौं राष्ट्रिय खेलकुदको समापनकै क्रममा घोषणा गरिएको थियो । ध्यानाकर्षणपत्र बुझ्दै मन्त्री चौधरीले पूर्वनिर्धारित मितिमा नै राष्ट्रिय खेलकुदको दसौं संस्करण आयोजना गर्न सम्भव नभएको प्रतिक्रिया दिएका छन् । उनले प्रतियोगिताको लागि आवश्यक तयारी भइनसकेको र बाँकी रहेको समय पनि तयारीका लागि पर्याप्त नभएको भन्दै दसौं संस्करण पूर्वनिर्धारित समयभन्दा केही पर सर्ने जानकारी दिए । मन्त्री चौधरीले आवश्यक तयारी पूरा गरेर दसौं संस्करणलाई चाँडै आयोजना गर्ने गरी खेलकुद मन्त्रालयले पहल सुरु गर्ने बताए ।

# सवारीकर नवीकरण, दस्तुर संकलन, व्यवस्थापनसम्बन्धी अन्तरक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, ११ भदौ/ बागमती प्रदेशमा सवारीकर तथा नवीकरण, दस्तुर संकलन तथा व्यवस्थापन सम्बन्धी अन्तरक्रिया सम्पन्न भएको छ । श्रम, रोजगार तथा यातायात मन्त्रालयको आयोजनामा मंगलबार हेटौंडामा आयोजित कार्यक्रममा सवारी कर तथा नवीकरण, दस्तुर संकलन व्यस्थापनका बिषयमा अन्तरक्रिया गरिएको हो ।

बागमती प्रदेशका श्रम रोजगार तथा यातायातमन्त्री प्रेमभक्त महर्जनको सभाध्यक्षतामा भएको कार्यक्रममा प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा बागमती प्रदेशमा चालु आर्थिक वर्षको लागि जारी आर्थिक ऐनमा यातायात क्षेत्रसँग सम्बन्धित कर संकलनको व्यवस्थाको कार्यान्वयनमा प्रशासनिक सुधार, प्रभावकारीता तथा सेवाप्रवाहका सम्बन्धमा गर्न सकिने सुधारका विषयमा छलफल भएको थियो ।

श्रम रोजगार तथा यातायातमन्त्री महर्जनले प्रदेशप्रति नागरिकको विश्वास बढाउन घरमै बसेर सुविधा लिने गरी योजना बनाउन सम्बन्धित कार्यालय प्रमुखलाई निर्देशन दिए । प्रदेश सरकार र मातहतका कार्यालयप्रति नागरिकलाई विश्वस्त हुनेगरी कार्यसम्पादन गर्न आवश्यक रहेको बताउँदै मन्त्री महर्जनले भने, 'यातायातसम्बद्ध करमा राखिएको छुटको व्यवस्थाबारे संचार माध्यम र सामाजिक संजालमार्फत् सूचना सम्प्रेषण गरी सुसूचित गर्न आवश्यक छ ।' यसमा सबैले ध्यान दिएर काम गर्न लागि परौं भन्ने उनका आसय थियो ।

### *भीमफेदीकी शान्तिमाया...*

उनीहरुले काठमाडौंमा स्वाथ्यपरीक्षण गराएर स्थलमार्ग हुँदै वीरगञ्जबाट कोलकत्ता पुऱ्याएर मृगौला झिकेको आरोप लागेको छ । कोलकत्ता पुगेपछि मृगौला दिन इन्कार गर्दा समेत उनीहरुले प्रलोभन देखाउनुका साथै धम्की समेत दिएको पीडितको भनाइ छ । मृगौला प्रत्यारोपण गर्न एकाघर परिवारको सदस्य हुनुपर्ने भएकाले त्यसका लागि उनीहरुले नक्कली नागरिकतादेखि नाता प्रमाणपत्र समेत नक्कली बनाएको खुलेको प्रहरीले जनाएको छ । जसकारण कागजात कीर्तेको कसुरमा समेत अनुसन्धान आकर्षित हुने प्रहरीको भनाइ छ ।

नेपालदेखि भारतसम्म पुऱ्याउन फरकफरक व्यक्तिको प्रयाग भएको पाइएको छ । १० लाख रुपैयाँ दिने भने पनि पीडितले भने अनुसार रकम नपाएको प्रहरीसमक्ष बताएका छन् । पछिल्लो चरण मानव बेचबिखनको स्वरुप परिवर्त हुँदै गएको प्रहरीले जनाएको छ ।

सूचना ! सूचना !! सूचना !!!

अब किन जानु पऱ्यो विदेश ?

हामी कहाँ आउनूस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नूस्




हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्

Singhabahini Moto Corp Pvt. Ltd.

९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

२०६२ सालदेखि चौकीटोल ओरालोमा रहेर सेवारत **लामा फ्रेस मिट सप**

अब नयाँ स्थान र नयाँ नाममा उही उत्कृष्ट सेवासहित...

ओम फ्रेस मिट सप

तपाईंको सेवामा






यहाँ ब्रोइलर, लोकल र लोहाटन कुखुरा तथा खसी, बोकाको मासु पाइनुका साथै चिकेन र मटन म:म को किमा पनि पाइन्छ ।

प्रोप्राइटर:
नुतन लामा

ओम फ्रेस मिट सप

हेटौंडा-२ चौकीटोल ओरालो (मन्त्रालय भवनको अगाडि)

सम्पर्क नं. ९८४५०२८४६६, ९८४५८६३७२१




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना